जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९०१०१ विज्ञापनको लागि मात्र jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

वर्ष २६ •अंक १५७ •२०८१ साल कार्त्तिक १३ गते मंगलबार (29 October, Tuesday, 2024) •पृष्ठ ८ •मूल्य रु. ५।-

भ्रष्टाचारका बारेमा शून्य सहनशीलताको नीति... पृष्ठ ५ मा



# अवैध सम्बन्धको कारण महिलाको हत्या

## पहिचान खुलाउन प्रहरी प्रयासरत, शव पोष्टमार्टम घरमा

**टुडे समाचारदाता**

जनकपुरधाम । महोत्तरी जिल्लाको पिपरा गाउँपालिकामा हत्या गरिएको एक जना महिलाको शव प्रहरीले सोमवार बरामद गरेको छ।

पिपरा गाउँपालिकाको वडा नम्बर ७ स्थित दनौलीको चौरीमा रहेको अशोक ठाकुरको आँप बगैंचामा अनुहार जलेको अवस्थामा प्रहरीले महिलाको शव बरामद गरेको छ।

महोत्तरीका प्रहरी उपरीक्षक नकुल पोखरेलले जनाए अनुसार महिला विवाहित रहेको र कम्तीमा एकजना सन्तान भएको हुनुपर्ने प्राथमिक अनुसन्धानमा देखिएको छ । मृतक महिलाको पहिचान खुल्न नसकेको बताउँदै उनले २५-३० वर्ष उमेर रहेको अनुमान गरिएको उनले बताए।

खेतबारी तर्फ गएका स्थानीय वासिन्दाहरुले आँपको बगैँचामा शव हेरेपछि प्रहरीलाई जानकारी गराइएको थियो। विहान करिब साढे ८ बजे सुचना प्राप्त भए लगतै घटनास्थलमा प्रहरी पुगेको प्रहरी उपरीक्षक पोखरेलले बताए।

'महिलाको सलले घाँटी थिचेर हत्या गरिएको देखिन्छ' उनले भने, 'त्यही सल अनुहारमा राखेर जलाइएकोले केही भाग जलेको हो।'

महिलाले हल्का पहेलो रंगको कुर्ता लगाएकी छन् । प्रारम्भिक अनुसन्धानमा महिलाको हत्या गरिएको स्थान भन्दा केही पर घिसारेर लगिएको देखिन्छ। त्यसपछि महिलाको अनुहारमा सल राखेर आगो लगाइएको छ।

घटनास्थलको प्रकृति अनुसार महिला र हत्यामा संलग्न व्यक्ति सहमतिमै आँपको



बगैँचासम्म पुगेको देखिन्छ। शव फेला परेको स्थल भन्दा केही पर उनीहरुले सहमतिमै केही समय बिताएको हुन सक्ने अनुमान गरिएको छ। तर पछि केही विषयमा असहमति भएर हत्या गरेको हुन सक्ने आशंका गरिएको छ। महिलालाई पहिले देखि नै हत्या गर्ने उदेश्यले ललाइफकाइ त्यहाँ सम्म लगेको हुन सक्ने अनुमान पनि छ।

घटनास्थलमा पुगेका चिकित्सकको अनुमान अनुसार मध्यराति पछि हत्या भएको हुन सक्छ । घटनास्थल सम्म हत्यारा र महिला मोटरसाइकलमा पुगेको अनुमान छ।

मृतकको पहिचान लुकाउन अनुहार जलाएका अपराधीले महिलाको पर्स, मोबाइल लगायतका सरसामानहरु समेत सँगै लगेको हुन सक्ने प्रहरीको अनुमान छ।

महिलाको हत्याको कारण अवैध सम्बन्ध रहेको देखिन्छ। पतिले हत्या गर्ने उदेश्यले महिलालाई राति सुनसान स्थलमा लगेर सम्बन्ध बनाउने जस्तो कार्य गर्न नसक्ने र महिला पनि पतिसित राति सुनसान बगैँचामा जान तयार हुने अनुमान गर्न कठिन भएको तर्क पनि अनुसन्धानमा संलग्न प्रहरीहरुको तर्क छ।

प्रहरीको अनुसन्धान महिलाको परिवार तर्फ पनि सोझिएको छ। महिलाको चरित्रमाथि आशंका गरेर पतिपनि हत्यामा संलग्न हुन सक्ने प्रहरीको आशंका छ।एसपी पोखरेलले बिभिन्न कोणहरुबाट अनुसन्धान थालिएको बताएका छन्।

अनुसन्धानमा प्रहरी उपरीक्षक पोखरेलको टोली, प्रदेश प्रहरी कार्यालयबाट तालिम प्राप्त कुकुरको टोली, प्रादेशिक अस्पताल जलेश्वरबाट चिकित्सकसमेत बोलाएर प्रहरीले पाँच घण्टा भन्दा बढी घटनास्थलको अनुसन्धान गरेको थियो।

प्रहरी उपरीक्षक पोखरेलले अनुसन्धानलाई सहज बनाउन महिलाको पहिचान खुल्न आवश्यक भएको बताए । 'महिलाको पहिचान नखुले सम्म अनुसन्धानलाई बिभिन्न कोणबाट अगाडि बढाइएको छ 'उनले भने, प्रहरी चाँडै अपराधिसम्म पुग्ने छ।

घटनास्थलको मुचुल्का गरी शव पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल जनकपुरधाममा राखिएको र घटनाका विषयमा थप अनुसन्धान गरिरहेको प्रहरी नायब उपरीक्षक सन्तुलाल जयसवारले बताए।

अनुसन्धान अपराधिको नजिक सम्म पुगेको र चाँडै खुलासा हुने प्रहरीको दाबी छ। अनुसन्धानमा संलग्न प्रहरी अधिकारीहरुका अनुसार अवैध सम्बन्धकै कारण महिलाको हत्या भएको निश्चित प्रायः छ।

घटनास्थल रहेको गाउँ टोलमा कोही महिला हराइरहेको जानकारी प्राप्त हुन नसकेको प्रहरी नायब उपरीक्षक जयसवारले बताए।






# गढीमाई मन्दिरको दानपेटिकामा अमेरिकी डलरसहित कतारी करेन्सी



**टुडे समाचारदाता**

बारा । विश्व प्रसिद्ध गढीमाई मन्दिर प्रांगणमा रहेको दानपेटिकामा अमेरिकी डलरसहित कतारी करेन्सी पनि भेटिएको छ ।

गढीमाई पञ्चवर्षीय मेला तथा व्यवस्थापन मुल समितिका अध्यक्ष एवम् नगरप्रमुख उपेन्द्र यादवले दानपेटिका खोलेर प्राप्त भएको सो रकम गणना गर्ने क्रममा अमेरिकी डलर, कतारी करेन्सीहरु पनि भेटिएको जानकारी दिए ।

गढीमाई मन्दिर सञ्चालन समितिका अध्यक्ष रामचन्द्र साहको उपस्थितिमा नगरप्रमुख यादवले दानपेटिका खोलेका छन् ।

दानपेटिकाबाट अहिलेसम्म माताको लागि चाँदीको आँखासहित अमेरिकी, भारतिय र कतारी करेन्सी भेटिएको गढीमाई मन्दिर सञ्चालन समितिका अध्यक्ष रामचन्द्र साहले बताए । उनले चारमध्ये एक पेटिको भेटी मिलाइएको छ भने अन्य पेटी पनि खोलेर भेटी मिलाउने काम जारी नै रहेको बताए ।

असोज १७ गते घटस्थापनादेखि कार्तिक १२ अर्थात् आजसम्मको भेटी खोलिएको उनले बताए ।

भेटी दान मन्दिरको विकास प्रयोजनका निम्ति प्रयोग गरिने उनले बताए ।

# भन्सार छली ल्याइएका ठूलो परिमाणमा कपडा बरामद

**टुडे समाचारदाता**

राजविराज । सप्तरीको दुई छुट्टा छुट्टै स्थानबाट भन्सार छली ल्याइएका ठूलो परिमाणको कपडासहित ३ जना पक्राउ परेका छन् । अवैधरुपमा कपडा ल्याउन प्रयोग गरिएको कार र मोटरसाइकलसमेत प्रहरीले नियन्त्रणमा लिई राजविराज भन्सार कार्यालयमा बुझाएको छ ।

प्रहरीका अनुसार आइतवार साँझ चेकचाँचको क्रममा प्रहरीले बोदेबसाईन नगरपालिका- ५ स्थित शत्रुघन चोकबाट २१ लाख १३ हजार १ सय मुल्य बराबरको भन्सार छली भारतबाट ल्याइएको रेडिमेड कपडा र साडी बरामद गरेको छ। सो अवैध कपडा लोड गरेको प्र.०३-०१-०२३च.८०२५ नम्बरको कार र सप्तरीको खडक नगरपालिका ८ वस्ने २५ वर्षिय चालक सनावुल मियाँलाई समेत नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता प्रहरी नायब उपरिक्षक जीतेन्द्र कुमार बस्नेतले जानकारी दिए ।

त्यस्तै भारतबाट अबैधरुपमा स.८प.५२५३ नम्बरको मोटरसाइकलमा ३ वटा बोरामा लोड गरी ल्याउदै गरेको रेडिमेड कपडा र साडी प्रहरीले राजविराज नगरपालिका ६ स्थित सखडा रोडमोडबाट पक्राउ गरेको छ।

बरामद कपडाको ३ लाख ९ हजार ६ सय रुपैया मुल्याँकन गरिएको छ। मोटरसाइकलमा सो सामग्री ल्याउने सप्तरीको रुपनी



गाउपालिका -५ का २६ वर्षीय चुनचुन यादव र राजगढ गाउँपालिका २ का २८ वर्षीय संजय साहलाई पनि प्रहरीले नियन्त्रणमा लिएको छ ।

बरामद सामग्री र अवैध ओसार पसारमा प्रयोग गरिएका गाडीहरुसहित तिनै जनालाई आवश्यक कारवाहीका लागी राजविराज भन्सार कार्यालय चलान गरिएको प्रहरीले जनाएको छ ।

त्यस्तै सोमबार नै सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका क्षेत्रबाट प्रहरीले भारतबाट अवैध रुपमा ल्याउँदै गरेको २७ हजार मुल्य बराबरको कपडा बरामद गरेको छ ।

तिहार र छठ पर्व नजिकिए संगै भारतीय सीमा क्षेत्र संग जोडिएको पालिकाहरुमा तस्करको चलखेल बढेसंगै प्रहरीले पनि सुराकी परिचालन गरी निगरानी बढाएको छ । जसकारण दिनहुँ जसो भारतबाट तस्करी भई आउदै गरेका विभिन्न मालसमान पक्राउ पर्ने क्रम बढेको छ ।

## खिजीदेम्बा गाउँपालिकालाई दुई वटा एम्बुलेन्स हस्तान्तरण

ओखलढुङ्गा । यहाँको खिजीदेम्बा गाउँपालिकालाई अम होङ गिल ह्युमन फाउण्डेशनले दुई वटा एम्बुलेन्स सहयोग गरेको छ । कोरियन नागरिक क्याप्टेन तथा पर्वतारोही अम होङ गिलको नामबाट स्थापित उक्त संस्थाले नेपालमा शिक्षा, स्वास्थ्य र सामाजिक विकासमा योगदान गर्दै आएको छ ।

सोमबार काठमाडौँमा एक कार्यक्रमबीच फाउण्डेशनका प्रमुख क्याप्टेन अम होङ गिलले खिजीदेम्बा गाउँपालिकाका अध्यक्ष गम्बु शेर्पालाई एम्बुलेन्सको चाँबी हस्तान्तरण गर्नुभयो । एम्बुलेन्स केही महिना अघि पालिकाले प्राप्त गरिसकेको भएपनि औपचारिक रुपमा हस्तान्तरण आज गरिएको हो ।

नेपाल विश्वकै सुन्दर देश भएपनि शिक्षा र स्वास्थ्यमा समस्या देखेपछि आफुले सहयोगका कार्यक्रम ल्याएको प्रमुख गिलको भनाई छ । उहाँले सगरमाथासहित नेपालका दर्जनौं हिमाल आरोहण गरिसक्नुभएको छ ।

एम्बुलेन्स दाता गिललाई खिजीदेम्बावासीले सम्मान गरेका छन् । एम्बुलेन्स सुविधा नहुँदा भौतिक पूर्वाधारमा जिल्लाकै दुर्गम खिजीदेम्बा गाउँपालिकाबाट सामान्य उपचारका लागि समेत महङ्गो भाडा तिरेर निजी सवारी वा हेलिकप्टर चार्टर गरेर अस्पताल जानुपर्ने बाध्यता थियो । रासस

# अख्तियार विकासको बाधक हुँदैन: प्रमुख आयुक्त राई

काठमाण्डु । अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त प्रेमकुमार राईले भ्रष्टाचार नियन्त्रण र सुशासन कायम गर्न सबैको साझा प्रयत्न आवश्यक रहेको बताउनुभएको छ । प्रतिनिधिसभा, राज्य व्यवस्था तथा सुशासन समितिको आजको बैठकमा 'अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ लाई संशोधन गर्न बनेको विधेयक'माथिको छलफलका क्रममा सांसदले राख्नुभएको जिज्ञासाको जवाफमा उहाँले कानुन कार्यान्वयन गर्ने निकाय र पदाधिकारीले इमान्दार काम गरेमात्रै पनि मुलुकमा सुशासन कायम हुने बताउनुभयो ।

"भ्रष्टाचार नियन्त्रण गर्ने निकाय अख्तियार मात्रै हो कि भन्ने जनमानसमा परिरहेको छ। त्यो होइन, भ्रष्टाचार नियन्त्रण तथा सुशासन कायम गर्न विभिन्न क्षेत्रगत ऐन जारी भएका छन् । त्यसको पालना भएमात्रै अख्तियारको आवश्यकता नै नपर्ने थ्यो", उहाँले भन्नुभयो ।

अख्तियार विकासको बाधक भयो कि भनेर कहिलेकाहीँ प्रश्न उठ्ने गरेको सन्दर्भ सुनाउँदै उहाँले यससम्बन्धमा स्पष्ट हुन आयोगले सरकारलाई २२ वटा लिखित सुझाव दिएको बताउनुभयो । "ती २२ बुँदामा कानुनको परिपालना गर्नुस्, प्रथाका रुपमा अघि नबढ्नुस् भनेको हो", उहाँले स्पष्ट पार्नुभयो, "आयोगले कानुनको परिपालना गरेर कार्यसम्पादन गर्नुस् मात्रै भनेको हो ।"

कानुनको उल्लङ्घन गर्ने विषय बानी परिसकेकाले अख्तियारको निर्देशनलाई नयाँ कानुनका रुपमा अर्थ्याएको सन्दर्भ सुनाउँदै प्रमुख



आयुक्त राईले दाताले दिएको सहयोगको कार्यान्वयनमा पनि आन्तरिक कानुन आकर्षित हुनुपर्ने बताउनुभयो ।

विधेयकमाथिको छलफलका क्रममा सांसद हितराज पाण्डेले भ्रष्टाचारका मुद्दामा अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई प्रभावकारी काम गर्ने वातावरण सिर्जना गर्न ऐन समयानुकूल बनाइनुपर्ने बताउनुभयो । सांसद दीलेन्द्रप्रसाद बडूले अख्तियारको कार्यक्षेत्र र कार्यबोझ बढेको अवस्थामा निजी क्षेत्रलाई पनि अनुसन्धानको दायरामा ल्याउने विषयलाई गम्भीर ढङ्गबाट सोच्नुपर्ने बताउनुभयो ।

सांसद राजेन्द्रप्रसाद पाण्डले मुलुकमा भ्रष्टाचार नियन्त्रण र सुशासन कायम हुन नसक्नुमा राज्य संयन्त्रकै असफलता हो कि ? भन्ने प्रश्न उभिएको बताउनुभयो । सांसद रघुजी पन्तले भ्रष्टाचारका घटनामा निजी क्षेत्रको संलग्नता भएका अवस्थामा के गर्ने भन्ने बारेमा स्पष्ट हुनुपर्ने बताउनुभयो ।

सांसद अशोककुमार राईले भ्रष्टाचार वृद्धि भएको तथा सुशासन कमजोर भएको अवस्थामा सुधार गर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोगसम्बन्धी ऐनलाई बलियो बनाइनुपर्ने बताउनुभयो । सांसद प्रकाश अधिकारीले सुशासन कायम गर्न भ्रष्टाचारलाई पूर्णरुपमा निरुत्साहित गर्ने प्रावधान समेटेर ऐन निर्माण गर्नुपर्नेमा जोड दिनुभयो ।

सांसद अम्बिका बस्नेतले मुलुकको समृद्धि र सुशासनको बाधकका रुपमा भ्रष्टाचार अगाडि आएको उल्लेख गर्दै जिम्मेवार ओहदामा रहेका पदाधिकारीले इमान्दारिता र नैतिकता प्रस्तुत गर्न सक्नुपर्ने बताउनुभयो । सांसद मेनुकाकुमारी पोखरेलले भ्रष्टाचार नियन्त्रण गर्न कानुन बनाएर मात्रै नपुग्ने तथा कानुन कार्यान्वयनमा बलियो प्रतिबद्धताको खाँचो औँल्याउनुभयो ।

सांसद हृदयराम थानीले मुलुकमा सुशासन नभएको भन्ने जनगुनासालाई सरकार र अख्तियारले गहिरोसँग मनन गरे कार्यशैली सुधार्नुपर्ने बताउनुभयो ।

सांसद सरिता प्रसाईले सरकारको नेतृत्व गर्नेले भ्रष्टाचार नियन्त्रणमा पहलकमदमी लिनुपर्ने बताउनुभयो । सांसद दुर्गा राईले भ्रष्टाचार नियन्त्रण नारामै मात्र सीमित भएकाले मुलुकमा सुशासन कायम हुन नसकेको बताउनुभयो । रासस

# एयर इण्डियाको विमानमा बम राखिएको हल्ला, उडान नियमित

काठमाण्डु । पछिल्लो समय हवाई उडानमा सुरक्षा अफवाह आइरहेका छन् । अज्ञात समूहबाट एकसाताको अवधिमै नेपालमा दुईपटक यस्तो अफवाह फैलाइएको छ ।

काठमाण्डुबाट भारतको नयाँदिल्ली आज उड्न लागेको एयर इण्डियाको विमानमा बम राखेको हल्लापछि विमानमा सवार यात्रुलाई ओराले जाँच भइरहेको छ । नेपाल प्रहरीका प्रवक्ता प्रहरी नायव महानिरीक्षक दानबहादुर कार्कीका अनुसार एयर इण्डियाको जाँच प्रक्रिया चलिरहे पनि विमानस्थलको आन्तरिक र अन्तराष्ट्रिय दुबै उडान सामान्यरुपमा सञ्चालन भइरहेको छ ।

दिउँसो २ बजे काठमाडौं विमानस्थलमा अवतरण भएको एयर इण्डियाको विमानमा बम राखेको अज्ञात समूहबाट जानकारी आएपछि नेपाली सेना र नेपाल प्रहरीको विशेष टोलीले जाँच गरिरहेको छ। सो विमान काठमाडौंबाट एकयस ५८ यात्रु लिएर दिल्ली उड्ने तयारीमा थियो ।




विमानमा बमको हल्लापछि अहिले जाँच भइरहेको छ । हालसम्म कुनै शङ्कास्पद वस्तु फेला परेको छैन ।

"भारतबाट नेपाल आउने विमानमा बम राखिएको हल्ला आइरहेको छन् तर, अहिलेसम्म त्यस्तो कुनै शङ्कास्पद बस्तु फेला परेको छैन", प्रवक्ता कार्कीले भन्नुभयो ।

एयर इण्डियाको एआई-२१६ विमानमा बमको हल्लापछि अहिले विमानको जाँच भइरहेको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका महाप्रबन्धक जगन्नाथ निरौलाले जानकारी दिनुभयो । उक्त विमानको

यसअघि यही कात्तिक ६ गते भारतको विमान सेवा कम्पनी भिस्तारा एयरको विमानमा बम राखेको हल्ला फैलिएपछि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा नेपाली सेनाको विस्पोटक पदार्थ निस्क्रिय गर्ने विशेष टोलीले खानतलासी गरेको थियो ।

भारतको नयाँदिल्लीबाट भिस्ताराको उडान नम्बर 'यूके १५५' भएको उक्त विमानमा बम राखेको फोन दिल्लीबाटै आएको सूचनाका आधारमा जाँच गरिएको थियो। उक्त विमानमा पनि कुनै शङ्कास्पद वस्तु फेला परेको थिएन । रासस

# पुँजीगत खर्च बढाउन र बेरुजु फर्छ्योट गर्न सञ्चार मन्त्रीको निर्देशन

काठमाडौँ । सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङले मन्त्रालय र मातहतका निकायहरूलाई पुँजीगत खर्च बढाउन र बेरुजु घटाउन निर्देशन दिनुभएको छ ।

मन्त्रालयमा सोमबार आयोजित आर्थिक वर्ष २०८१/८२ को प्रथम त्रैमासिक समीक्षा तथा मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति (एमड्याक) बैठकमा उहाँले भन्नुभयो, "पुँजीगत खर्च बढाउनुपर्छ । मन्त्रालयको ५० प्रतिशत पनि कट्न नसक्नु राम्रो हैन ।"

मातहतका कार्यालयमा रहेको बेरुजु घटाउन दिर्नेशन दिँदै सरकारका प्रवक्ता समेत रहनुभएका मन्त्री गुरुङले भन्नुभयो, "जहाँ सुशासन र पारदर्शिता हुँदैन, त्यहाँ सेटिङ हुन्छ, नीतिगत भ्रष्टाचार हुन्छ, त्यहाँ बेरुजु अत्यधिक हुन्छ। आगामी बैठकमा आउँदा बेरुजु फर्छ्योटको स्थितिमा सुधार गर्नुहोस् ।"

चालु आव २०८१/८२ को प्रथम त्रैमासिक अवधिमा मन्त्रालयअन्तर्गत रु एक अर्ब ६४ करोड ९८ लाख बजेटमा ५१ दशमलव ९३ प्रतिशत खर्च भएको छ । यस अवधिमा ४१ दशमलव ६ प्रतिशत पुँजीगत खर्च र चालुतर्फ ५२ दशमलव ९२ प्रतिशत खर्च भएको छ।

मन्त्रालयको प्रमुख छ वटा कार्य क्षेत्रका १९ निकायहरूमार्फत भएका कामका सम्बन्धमा बसेको बैठकमा मन्त्री गुरुङले कर्मचारीलाई परम्परागत



कार्यशैली परिवर्तन गर्न सुझाव दिनुभयो । "सबै काम पारदर्शी हुनुपर्छ । अनेक बहानाबाजी गरेर काम अड्काउनु हुँदैन । कर्मचारीतन्त्रमा भएका समस्या अब सुधार हुनुपर्छ, नयाँ ढङ्गले काम गरौँ", उहाँले भन्नुभयो ।

सामान्य प्रशासन तथा सङ्घीय मामिला मन्त्रालयको ध्यानाकर्षण गराउँदै मन्त्री गुरुङले कार्यसम्पादन सम्झौता कार्यान्वयनमा जोड दिनुभयो । उहाँले कर्मचारीलाई कम्तीमा एक वर्षसम्म तोकिएको कार्यक्षेत्रबाट सरुवा नगर्न र नगराउन आग्रह गर्नुभयो। छोटोछोटो समयमा सरुवा गर्ने प्रवृतिले गर्दा कार्यसम्पादनमा प्रभाव पर्नेतर्फ सचेत गराउनुभयो । उहाँले अन्तरमन्त्रालयबीच समन्वय, सहकार्य र सहयोग आवश्यकता औँल्याउँदै विकास समस्या समाधान गर्नुपर्नेमा जोड दिनुभयो ।

बैठकमा चालु आवको प्रथम त्रैमासिकसम्मको प्रगति विवतरणअनुसार कार्यान्वयन गर्नुपर्ने ३४ वटा 'माइलस्टोन' मध्ये २१ वटाको कार्य सम्पन्न भएको छ। रासस

**जानकारी दिने व्यक्तिलाई उचित पुरस्कार दिईनेछ**

यहि मिति २०८१/०७/०३ शनिवारको दिन ज १३ प २२१३ नं. भएको मोटरसाईकलबाट जनकपुर देखि मडई आउने क्रममा फाईलमा राखिएको अन्य कागजातको फोटोकपी र CTEVT को Original Migration रहेको फाईल हराएको छ ।

**हराएको कागजातको विवरण:**

CTEVT को Original Migration र अन्य कागजातका फोटोकपी रहेको फाईल ।

नाम: विकेश यादव
ठेगाना: महोत्तरी-०३, महोत्तरी
फोन नं.: ९८०७८३१५६९, ९८१२११७७२०

## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : धन वृद्धि सञ्चय । |
| वृष | : प्रेम प्रसंग, मित्र सुख । |
| मिथून | : सुख समृद्धि हुने । |
| कर्कट | : भ्रमण अवसर हुने । |
| सिंह | : अवसर प्राप्त । |
| कन्या | : वाद विवादबाट बच्नु । |
| तुला | : नयाँ कार्य हुने । |
| वृश्चिक | : पुरस्कार प्राप्त लाभ । |
| धनु | : बौद्धिक क्षमता । |
| मकर | : प्रतिभा सम्पन्नता । |
| कूम्भ | : शिक्षामा उन्नति । |
| मीन | : पारिवाहिक सुख । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



साताव्यापी विवाहपञ्चमीको तयारी स्वरुप सिंगारिएको जानकी मन्दिर। *तस्विरः संजय यादव*

# तिहारका लागि दुई लाख मखमली माला निर्यात हुने

काठमाण्डु । यस वर्षको तिहारका लागि दुई लाखवटा मखमली फूलको माला निर्यात हुने भएको छ ।

फ्लोरिकल्चर एसोसिएसन (फ्यान) का अनुसार यस वर्ष गत वर्षको भन्दा ५० हजार बढी माला निर्यात हुन लागेको हो । गत वर्ष एक लाख ५० हजार माला मात्र निर्यात भएको थियो ।

एसोसिएसनका अध्यक्ष दिलीप बादेले यसरी निर्यात हुने माला विशेषगरी अमेरिका, जापान, अस्ट्रेलिया, कोरिया युरोपका केही देश र केही खाडी मुलुकमा समेत निर्यातका माग भएको बताउनुभयो । नेपाली धेरै बसोबास गर्ने अन्य देशमा पनि मालाको माग बढिरहेको उहाँले जानकारी दिनुभयो ।



पछिल्लो समय काठमाडौं उपत्यकासहित कास्की, चितवन, मकवानपुर, काभ्रेपलाञ्चोक, गुल्मी, पाल्पा, धादिङ, मोरङलगायत ५२ जिल्लामा पुष्पखेती विस्तार भइसकेको फ्यानले जनाएको छ । यद्यपि तिहारमा प्रयोग हुने सयपत्री र प्रणय दिवसका लागि प्रयोग हुने रातो गुलाफको फूलमा अझै आत्मनिर्भर हुन नसकिएको जनाइएको छ ।

यस वर्षको तिहारको लागि ४० लाख सयपत्री फूलको माला चाहिने अनुमान गरिएकामा २५ लाख मालाका लागि मात्र नेपालमा उत्पादन हुने गरेको बाँकी भारतबाट आयात गर्नुपर्ने अवस्था रहेको सोसिएसनले जनाएको छ ।

हरेक वर्ष बजार माग १५ देखि २० प्रतिशतले बढ्ने र मागअनुसार फूल उत्पादन हुन नसक्दा सयपत्री फूलमा आत्मनिर्भर हुन नसकेको एसोसिएसनका अध्यक्ष बादेले बताउनुभयो । उहाँका अनुसार गत वर्षभन्दा यस वर्ष सात लाख बढी मालाको बजार माग छ । गत वर्षको तिहारमा ३३ लाख मालाको माग भएको थियो ।

यस वर्ष तिहार उपयुक्त समयमा परे पनि गत असोजको दोस्रो साता परेको अविरल वर्षाका कारण फूलखेतीमा ठूलो नोक्सानी बेहोर्नु परेको छ । रासस

# कृषि उपकरणको प्रयोगले किसानलाई सहज

घोराही । दाङमा कृषि उपकरणको प्रयोग बढ्दै गएको छ । यसले व्यावसायिक रुपमा कृषि कर्म गर्दै आएका किसानलाई सहज भएको छ । उत्पादन समेत बढेको छ ।

खेती गर्न जनशक्ति, लागत र समय कम लाग्ने भएपछि पछिल्लो समय जिल्लामा कृषि उपकरणको प्रयोग बढ्दै जान थालेको छ । कृषि व्यवसाय गर्नेको सङ्ख्यामा कमी आएको समयमा कृषियन्त्रको प्रयोगले किसानलाई सहजतासँगै उत्साहित बनाएको राजपुर गाउँपालिका-६ गङ्गदीका किसान निमराज चौधरी बताउनुहुन्छ । सानो परिवार भएको समयमा खेती गर्न समस्या भइरहेको बेला कृषियन्त्रको प्रयोगले खेती गर्न सहज भएको उहाँ बताउनुहुन्छ ।

जोत्नेसँगै धानलगायतका अन्यबाली दाउँनेसमेत व्यवस्था भएपछि सानो परिवारले पनि छोटो समयमा धेरै खेती गर्न सकिने बनाएको चौधरी बताउनुहुन्छ । आधुनिक तरिकाले खेती गर्दा सहज भएको उहाँको भनाइ छ । थोरै खेती गर्दा पनि वर्षभरी खान पुगेको अनुभव उहाँको छ ।

चौधरीले भन्नुभयो, “अहिले प्रविधिको प्रयोगले खेती गरिदिने व्यक्ति खोज्नुपर्ने बाध्यता हटेको छ, गाउँमा पछिल्लो समय गोरु पाल्न छोडिसकेका छन् । तर प्रविधिको सहयोगले खेतबारी जोत्नेदेखि दाउनेसम्म व्यवस्था भएपछि अहिले धेरै राम्रो भएको छ ।” राजपुर गाउँपालिका-६ गङ्गदीमा रहेको बड्का बगिया कृषि सहकारी संस्थाका अध्यक्षसमेत रहनुभएका चौधरीले कृषि सहकारीले पनि विभिन्न कार्यक्रममार्फत किसानलाई सहयोग गर्दै आएको बताउनुभयो ।

विगत केही वर्षयता ट्र्याक्टरको सहायताले धान बोक्ने, दाउनेसँगै खेतबारी जोत्ने काम गर्दै आएको राजपुर गाउँपालिका-५ सालभौरीका गोविन्द चौधरी बताउनुहुन्छ । उहाँले भन्नुभयो, “सानो परिवारमा खेती गर्न समस्या हुने गरेको थियो । तर प्रविधिको प्रयोगले जोत्नेदेखि बोक्ने र दाउने समेत गाउँमै व्यवस्था भएपछि खेती गर्नलाई सजिलो भएको छ ।” उहाँका अनुसार कृषियन्त्रको प्रयोगले पछिल्लो समय आफूजस्ता गाउँभरका किसानलाई सहजता भएको बताउनुभयो ।

कृषि सहकारीले पनि ५० प्रतिशत अनुदानमा कृषि उपकरण, बीउ विजनसमेत प्रदान गर्दा सहज भएको चौधरी बताउनुहुन्छ । कृषिमा काम गर्ने व्यक्तिको अभावमा खेतबारी बाँझो भइरहेको समयमा कृषियन्त्रको प्रयोगले किसानलाई सहजतासँगै उत्साहित बनाएको उहाँले बताउनुभयो । चौधरीले भन्नुभयो, “गाउँमा जोत्नका लागि गोरु छैनन्, । त्यसैमा अधिकांश घरका पुरुष कमाउनका लागि देश बाहिर छन् । यसले अधिकांशको खेतभरी बाँझै रहने अवस्था थियो । तर गाउँमा जोत्न ट्र्याक्टर र दाउन थ्रेसर भएपछि अधिकांशले खेती गर्ने गरेका छन् ।”

धान काट्न, बोक्न र दाउनका लागि करिब एक महिना लाग्ने गरेको चौधरीले बताउनुभयो । उहाँले भन्नुभयो, “पहिले धान काट्ने र घरमा ल्याएर दाउन एक महिना लाग्ने गरेको थियो । तर अहिले प्रविधिको सहायताले एक हप्तामै सबै काम सकिन्छ ।रासस

# औद्योगिक क्षेत्रको आधुनिकीकरणमा एआई अपरिहार्य भइसक्यो: उद्योगमन्त्री भण्डारी

काठमाण्डु । उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले औद्योगिक क्षेत्रको विकास र आधुनिकीकरणका लागि आर्टिफिसियल इन्टेलिजेन्स (एआई) र रोबोटिक्स प्रविधि अपरिहार्य भइसकेको बताउनुभएको छ ।

राष्ट्रिय युवा सङ्घ नेपालद्वारा आयोजित इन्टरनेसनल आर्टिफिसियल इन्टेलिजेन्स एन्ड रोबोटिक्स कन्फरेन्समा सोमबार उहाँले एआईसम्बन्धी नीति तथा कानुन निर्माण गरी यसको विकासमार्फत औद्योगिक विकास र समृद्धिमा फड्को मार्नेगरी सरकार लागिपरेको बताउनुभयो ।

उहाँले भन्नुभयो, “हामी यसका लागि नीतिगत र कानुनी संरचना निर्माण र पूर्वाधार विकासमा लागेका छौँ । डिजिटल पूर्वाधार विस्तार र सुदृढीकरण, औद्योगिक क्लस्टर र टेक्नोलोजी पार्क स्थापना, इन्टरनेट कनेक्टिभिटी र नेटवर्क विस्तार, डाटा सेन्टर र क्लाउड कम्प्युटिङ सेवा, एआई अनुसन्धान र विकास, क्षमता





विकास, उद्योग-शिक्षा साझेदारी, अन्तर र्राष्ट्रिय सहकार्य र ज्ञान हस्तान्तरण, स्टार्टअप इन्क्युबेसन र एक्सेलेरेसन, लगानी प्रवर्द्धनजस्ता क्षेत्रहरूमा विशेष ध्यान दिनुपर्ने देखिन्छ ।”

मन्त्री भण्डारीले आफू नेतृत्वको मन्त्रालयले डिजिटल नेपाल औद्योगिक रूपान्तरण कार्यक्रम, एआई इनोभेसन हब स्थापना र युवा उद्यमी डिजिटल सशक्तीकरण कार्यक्रमहरू अघि बढाउने योजना बनाएको बताउनुभयो । “यी सबै प्रयासहरूको मुख्य लक्ष्य भनेको नेपालको औद्योगिक क्षेत्रलाई विश्व बजारमा प्रतिस्पर्धी बनाउनु र समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा पूरा गर्न योगदान पुऱ्याउनु हो । नेपाली युवाको जीवनका लागि एआई भन्ने यस सम्मेलनको नाराले पनि हाम्रो युवा पुस्तालाई डिजिटल युगको अवसरहरू प्रदान गर्ने हाम्रो प्रतिबद्धतालाई प्रतिबिम्बित गर्दछ । सोमबारको छलफलले यस दिशामा महत्वपूर्ण योगदान पुऱ्याएको छ”, उहाँले भन्नुभयो ।

मन्त्री भण्डारीले नेपालको औद्योगिक क्षेत्रमा एआई र रोबोटिक्स प्रविधिको भूमिका र सम्भावनाहरूबारे गहन छलफल गरिएकामा खुसी व्यक्त गर्नुभयो । उहाँले यस क्षेत्रमा विश्वव्यापी रूपमा भइरहेका विकास र प्रगतिहरूले मुलुकको औद्योगिक रूपान्तरणका लागि नयाँ दिशा र सम्भावनाहरू प्रस्तुत गरेको बताउनुभयो ।

एआईको प्रयोग र प्रभावले स्मार्ट म्यानुफ्याक्चरिङ, आपूर्ति शृङ्खला व्यवस्थापन र ग्राहक सेवा तथा बजार विश्लेषण गरी स्वचालित ग्राहक सेवा र समर्थन, बजारको प्रवृत्ति विश्लेषण, ग्राहक व्यवहार अध्ययन, व्यक्तिगत सिफारिस प्रणाली, सामाजिक सञ्जाल अनुगमन र विश्लेषण जस्ता आयाममा उल्लेखनीय योगदान र सहजीकरण गर्दै आएको भन्त्री भण्डारीस्को भनाइ थियो । रासस

# राष्ट्रिय सुरक्षा परिषद् बैठकः मध्यपूर्व द्वन्द्वको समीक्षा



काठमाण्डु । प्रधानमन्त्री एवं राष्ट्रिय सुरक्षा परिषद्का अध्यक्ष केपी शर्मा ओलीको अध्यक्षतामा आइतबार बैठकले वर्तमान अन्तर्राष्ट्रिय, क्षेत्रीय र राष्ट्रिय सुरक्षा वातावरणको समीक्षा गरेको छ ।

परिषद्को उक्त ३५औँ बैठकमा मध्यपूर्वमा बढिरहेको द्वन्द्वले राष्ट्रिय सुरक्षामा पार्न सक्ने प्रभाव, चुनौती तथा त्यहाँ रहेका नेपालीको सुरक्षा र अपनाउनुपर्ने भावी रणनीतिबारे छलफल भएको थियो ।

अन्तर्राष्ट्रियस्तरमा देखापरेका पछिल्ला घटनाक्रम विशेषगरी राष्ट्रिय सुरक्षामा आउन सक्ने विधि चुनौतीबारे छलफल भएको परिषद्का सदस्यसचिव रामेश्वर दङ्गालले जानकारी दिनुभयो ।

बैठकमा सैनिक ऐनको व्यवस्थाबमोजिम नेपाली सेनाका लागि आव २०८१/८२ मा खरिद गरिने हातहतियार, खरखजाना तथा अन्य सैन्य सरसामग्री खरिद गर्न नीतिगत स्वीकृतिका लागि नेपाल सरकार मन्त्रिपरिषद्समक्ष सिफारिस गर्ने निर्णय गरेको छ ।

बैठकले परिषद्को बैठक सञ्चालन कार्यविधि २०८१ स्वीकृत गरेको छ ।

बैठकमा गृह र रक्षामन्त्री तथा मुख्य सचिव, प्रधानसेनापति एवं रक्षा सचिव सहभागी हुनुहुन्थ्यो । रासस

# कोहार समुदायको मागः परम्परागत पेसा संरक्षण गर्न सरकारले सहयोग गर्नुपर्‍यो

भैरहवा । रोहिणी गाउँपालिका-३ धकधइका सोहन कोहारलाई हाल माटोको पाला बनाउन भ्याइनभ्याइ छ । परिवारमा सोहन र मोहन दुई दाजुभाइ हुनुहुन्छ । बुवा राधे कोहारको मृत्युपछि हाल यी दाजुभाइले पूर्ख्यौली पेसा सम्हारिरहनुभएको छ । बुवा व्यावसायिक हुन नसके पनि यी दाजुभाइले पूर्ख्यौली पेसालाई व्यावसायिक बनाउनुभएको छ ।

तिहार आउन तीन मात्र बाँकी हुँदा दुवै भाइलाई बत्ती बाल्न करिब ३० परिवार छन् ।

तिहारलाई उज्यालो पर्वको रूपमा लिइने हुँदा दिपावली पनि भन्ने गरिन्छ । तिहारमा माटोको पालामा बत्तीबाल्ने पुरानो चलन अझै पनि कायमै छ । यद्यपि पालामा तेल हालेर बत्ती बाल्ने प्रचलनलाई आधुनिकतासँगै आएको विद्युतीय बत्तीले प्रभाव पारेको छ ।

मोहन र सोहनलाई मात्रै होइन अन्य समयभन्दा तिहारका समयमा अत्यधिक आएको छु ।”

विसं २०५५ देखि बैजनाथले निरन्तर माटोको पालालगायतका अन्य सामग्री बनाउदै आउनुभएको छ । सामान बनाउन सके बिक्री गर्न त्यति गाह्रो नभएको उहाँको अनुभव छ । “पहिला पोखरासम्म पालालगायतका सामान जान्थ्यो, अहिले यही स्थानीय बजार भैरहवा, बुटवल, मणिग्राम, परासीलगायतबाट व्यापारी आएर लैजान्छन् । मेहनत बढी छ, कमाइ कम छ तर खुसी छौँ, यही पाला बनाएर जीविकोपार्जन भएको छ”, बैजनाथले



प्रयोग हुने माटोको पाला बनाउन र त्यसलाई बिक्री गर्न भ्याइनभ्याइ छ । माग र लगन दुवै उत्तिकै भए पनि यही पेसाले चार जनाको परिवार पाल्दै आएका मोहनले माटो, दाउरालगायत आवश्यक सामान नपाइँदा समस्या भइरहेको बताउभयो । परासी, बुटवल, भैरहवा, खैरेनी र स्थानीय बजारमा पालाको माग रहेको उहाँको भनाइ छ । रूपन्देहीको धकधईमा यो पेसा गर्दै आएका बिक्री हुने भएकाले धकधई गाउँका सबैजसो घरपरिवारलाई पाला बनाउन नभ्याइनभ्याइ छ । ४५ वर्षीय बैजनाथ कोहारको पनि यस वर्षको तिहारमा साना ठूला गरी ५० हजार पाला बिक्री गर्ने लक्ष्य छ । उहाँ भन्नुहुन्छ, “अन्य समयभन्दा हामी अहिले बढी व्यस्त छौँ, दुई महिनादेखि नै पाला बनाउन लागेका छौँ, यो हाम्रा लागि उपयुक्त समय हो । तीन पुस्तादेखिको यो पेसालाई मैले पनि निरन्तरता दिदैँ भन्नुभयो,“ पेसा बचाउन र निरन्तरताको लागि सरकारबाट पनि केही सहयोग भए राम्रो हुन्थ्यो । अहिलेसम्म कुनै सहयोग पाएका छैनौं । कम्तीमा विद्युत् मोटरबाट चल्ने एउटा चक्की सहयोग गरिदिएको भए राम्रो हुने थियो ।”

सोही गाउँका मनोहरप्रसाद कोहारले पाला बनाई बिक्री गर्न लागेको २५ वर्ष भयो । उहाँलाई सानो पाला सय कडा ५ रुपैयाँ र ठूलो पाला २५ पैसा प्रतिगोटामा बिक्री गरेको स्मरण छ । अहिले सानो पाला ३० रुपैयाँ दर्जन र ठूलो पालाको मूल्य १० रुपैयाँ गोटा पुगेको छ । हाल उहाँलाई पनि पाला बनाउन भ्याइनभ्याइ छ । “पालामा बत्ती बाल्ने प्रचलन अझै कायमै छ, त्यसैले अन्य समयमा हामीले राम्रो कारोबार गर्न नसके पनि तिहारको बेला ठिकै छ । यो पेसाबाट पाँच जनाको परिवारको गुजारा चलेको छ ।” यस पटकको तिहारमा ८० हजार रुपैयाँभन्दा बढीको पाला बिक्री गर्ने आफ्नो लक्ष्य रहेको उहाँले सुनाउनुभयो । मनोहरले नयाँ पुस्तामा पेसा हस्तान्तरणमा गर्नका लागि स्थानीय तहबाट सहयोग, तालिमको व्यवस्था गरिनुपर्नेमा जोड दिनुभयो ।

पालालगायत माटाका अन्य सामान बनाउन प्रयोग हुने माटो एक ट्रालिकै रु तीन हजारसम्म पर्दछ । दाउरा पाउन पनि समस्या नै छ । रोहिणी गाउँपालिकाका अध्यक्ष विद्याप्रसाद यादवले अबको वार्षिक कार्ययोजनामा यो विषयमा ध्यान दिई पेसा संरक्षणका लागि आवश्यक सहयोग गर्ने बताउनुभयो । उहाँले यस्ता पराम्परागत पेसालाई जोगाउन गाउँपालिकाले कार्ययोजना बनाइ आवश्यक बजेट विनियोजन गर्ने बताउनुभयो ।

माटोका पालालगायतका अन्य सामान बनाउने पेसामा आश्रित कोहार समुदाय आफूहरूलाई बजारभन्दा पनि माटोको वस्तु बनाउने परम्परागत चक्कीको साटो विद्युतीय मोटर, माटोमा अनुदान र तालिम प्रदान गरे यो पेसा सुरक्षित हुनुका साथै पुस्तान्तरणमा समेत सहयोग पुग्ने बताउछन् । रासस

# समयमै सडक नबन्दा यात्रुलाई सास्ती

धरान । धरान उपमहानगरपालिका- १५ निराजन बस्तीदेखि धरान उपमहानगरपालिका-४ नम्बर जोड्ने सडक निर्धारित समयमा निर्माण सम्पन्न नहुँदा स्थानीयलाई आवतजावत गर्न कठिनाई भएको छ । धरान उपमहानगरपालिका- १५ निराजन बस्तीदेखि धरान-४ को देवीगाउँ, पत्रङबारी-हर्दिया-पेलपुर ढाडे हुँदै कन्यापोखरी जोड्ने १७ किलोमिटर सडक समयमा नबनेको कारण स्थानीयले सास्ती खेप्नु परेको धरान-४ का वडाध्यक्ष धनबहादुर राईले बताउनुभयो ।

प्रदेश सरकारको लगानीमा निर्माण भइरहेको उक्त सडक पहिले यस स्थानमा गोरेटो थियो । गोरेटो भत्काएर कालोपत्र सडक बनाउन सुरु भए पनि काम अघि बढ्न सकेन । स्थानीय अमर राईले भन्नुभयो, “अहिले यो सडक ठाउँठाउँमा बाढीले भत्किएको छ । सडक बनाउँदा छाडेपछि ठाउँठाउँमा पहिरोले भत्किएको छ ।”

सडकले अहिले गाउँको स्वरुप नै बिग्रिएको छ । स्थानीयका अनुसार जथाभावी पहाड खनिएका कारण पहिरो गएको हो । जथाभावी पहाड खनिएको छ । भएको काम पनि काम नलाग्ने भएको स्थानीयको गुनासो छ । सडक निर्माण सम्पन्न भए यो बाटो भेडेटार पूर्वको पर्यटकीय क्षेत्रको दूरी छोटिने स्थानीय बताउछन् ।

सडक निर्माण सुरु गरिएको लामो समयसम्म निर्माण सम्पन्न नहुँदा जीर्ण भएको सडकमा सवारी आवतजावत गर्न अप्ठ्यारो भएकोले दुर्घटनाको जोखिम भएको बढेको स्थानीयको भनाइ छ । ठेक्का लिएको कम्पनीले




पाँच वर्षसम्म निर्माण नगर्दा त्यहाँका स्थानीयले बर्खाको समयमा बढी सास्ती झेल्नु परेको छ । सडक निर्माणको काम समयमा नहुँदा त्यस आसपासका स्थानीय बासिन्दा बढी प्रभावित बनेको कोशी प्रदेशसभा सदस्य रमेश बस्नेतले बताउनुभयो ।

उक्त सडक निर्माणका लागि २०७६ असोजमा लुम्बिनी गजुरमुखी जेभीले ठेक्का पाएको थियो । ठेक्का पाएको ठेकेदार कम्पनीले पाँच वर्ष वितिसक्दा पनि ५९ प्रतिशत मात्रै काम सकेको छ । उक्त सडक आयोजना निर्माण गर्न तीन पटक म्याद थप भएको छ । कोशी प्रदेश सरकारको रु ४० करोडको लागतमा २०७६ भदौ १२ गते दुई वर्षभित्र सक्नेगरी यो सडक निर्माणको सम्झौता भएको थियो । रु ३७ करोड २३ लाखमा ठेक्का लागेको यो सडकको लागत भेरियसनसहित पटक-पटक म्याद थप हुँदा लागत अहिले रु ४० करोड रु २७ लाख पुगेको छ ।

कोशी प्रदेशमा निर्माणाधीन भौतिक पूर्वाधार अधिकांश ठेकेदारको लापारवाहीका कारण सडक समयमै निर्माण सम्पन्न हुन नसकेको पाइएको प्रदेश भौतिक पूर्वाधारमन्त्री भूपेन्द्र राईले बताउनुभयो । उक्त यस्ता परियोजना तत्काल ठेकेदारलाई कालोसूचीमा राखेर कारबाही अगाडि बढाउने तयारी रहेको मन्त्री राईले बताउनुभयो ।

कोशी प्रदेशमा ६ वर्षमा भौतिक पूर्वाधार निर्माणको लागि विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) गरिएकामध्ये ४७ प्रतिशत मात्रै कार्यान्वयनमा गएको पाइएको छ । मन्त्री राईले भन्नुभयो,“कोशी प्रदेश भौतिक पूर्वाधार विकास मन्त्रालय र मातहतका १३ कार्यालयले आर्थिक वर्ष २०७५/७६ देखि आर्थिक वर्ष २०८०/८१ सम्ममा सात सय ८४ वटा डिपिआर गरिएकोमध्ये हालसम्म तीन सय ७२ वटा कार्यान्वयनमा गएका छन्,भने तीन सय ८ वटा कार्यान्वयनमा नगएको र एक सय चारवटा डिपिआरको रेकर्ड गायब भएको छ । रोकावट भएका यस्ता भौतिक पूर्वाधार निर्माणका काममा ढिलासुस्ती गर्ने र काम नगर्ने ठेकेदारलाई कानुनी प्रक्रिया पूरा गरेर अब कारबाही गरिने पनि उहाँले जानकारी दिनुभयो ।

निर्माण कम्पनी लुम्बिनी गजुरमुखी जेभीका प्रतिनिधिका सन्तोष गौतमले आगामी मङ्सिर १ गतेदेखि काम सुरु गरेर २०८२ असार मसान्तसम्ममा काम सम्पन्न गर्ने सबै स्थानीय सामु प्रतिबद्धता व्यक्त गर्नु भयो । रासस



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन॥

## सम्पादकीय

# समयमै सचेत होउ

प्राचीन मिथिलाको अधिकांश भू-भाग भारतमा परेको छ। भारत बिहार राज्यको २० जिल्ला मिथिला क्षेत्रमा गनिन्छ। नेपालको चार जिल्ला धनुषा, महोत्तरी, सिरहा र सप्तरीलाई मिथिलाको भू-भाग मानिन्छ। तर सीता प्रकट भएको भूमि नेपालको जनकपुरधाम नै रहेको रामायणमा वर्णित छ। सीताको स्वयंवर जनकपुरधाममा भएको र विवाहका सम्पूर्ण विधिहरुपनि भएको धार्मिक मान्यता छ। सीताको पावन जन्मस्थली जनकपुरधाममा हिन्दू धर्मावलम्बीहरु आउने गर्छन्। सीता जन्मभूमिको कणकणमा भगवानको बास रहेको मान्यता छ। अन्यत्र कतै गरेको पापबाट जनकपुरधाममा मुक्ति पाइन्छ। तर जनकपुरधाममा गरेको पापबाट मुक्ति पाइने स्थान अन्यत्र कतै छैन। जनकपुरधामको चौतर्फी विकास हुनु आवश्यक छ। भारतको बिहार राज्यको सीतामढी जिल्लामा पर्ने पुनौरामा माता सीताको भव्य मन्दिर छ।सीतामढीका बासिन्दाहरुले राजा जनकले पुनौराधाममा नै हलो जोतेको र त्यहाँ नै सीता प्रकट भएको दाबी गर्छन्। यसको कुनै आधिकारिक तथ्य फेला परिसकेको छैन। रामायणमा समेत यसको चर्चा पाइदैन। तर सीतामढीका वासिन्दाहरुको दाबी भने छ। भारत सरकारले पुनौराधामलाई रामजन्म भूमि जस्तै विकास गर्न लागेको छ। भारत सरकारले राजधानी नयाँदिल्लीसित द्रुत रेलले सीतामढीलाई जोडेको छ। अयोध्यासित जोड्ने काम सुरु भएको छ। विमानस्थल बनाउने तयारी पनि भइरहेको छ। भव्य मन्दिर, धर्मशालालगायतका पूर्वाधारहरु भारत सरकारले निर्माण गरी सीताको जन्मभूमि पुनौराधाम रहेको स्थापित गर्न लागेको छ। पुनौराधामको विकासप्रति भारत सरकारले चासो लिएपछि त्यहाँ हरेक पूर्वाधार निर्माण हुनेछ। जनकपुरधाम सीताको जन्मभूमि रहेको भन्दै हाल लाखौंको संख्यामा भारतीय पर्यटकहरु आउने गरेका छन्। उनीहरु पुनौराधामको दर्शन गरी फर्कन थालेपछि जनकपुरधामको सांस्कृतिक, धार्मिक र ऐतिहासिक महत्व ओझेलमा पर्ने निश्चित छ। त्यसका जनकपुरधामवासी, मधेश प्रदेश सरकार, जनकपुरधाम उपमहानगरपालिका, संघीय सरकार समयमै सचेत हुन आवश्यक छ। एक अर्काको खुट्टा तान्ने प्रवृत्तिलाई त्यागेर भविष्यमा आउने संकटको सामना गर्न तयारीमा जुटौं। भारत सरकारले यहाँको विकासका लागि दिएको एक सय करोड भारतीय रुपैयाँ कयौं वर्षदेखि अलपत्र छ। थप सहयोग कसरी माग्ने ? अस्तित्व जोगाउन समयमै सबै एकजुट भएर लाग्नुको बिकल्प छैन। म भन्दा हामी सबै मिलेर लागौं। हामी जुट्न सके सबैबाट सहयोग हुन सक्छ। तर हामी नै चासो लिएनौं भने सन्ततिको सराप बाहेक अन्य अपेक्षा गर्न सकिदैन। एकजुट भएर लागौं।

## ज्ञान शृङ्खला :

# ज्ञानको धरातल र भ्रमबाट मुक्ति



रोशन जनकपुरी

विगत सयवर्षमा मानिसको चेतना लगभग पूर्णरुपमा बदलिएको छ। मानिसको भित्री र बाहिरी परिवेशमा कयौं खाले भ्रमहरुले मानवीय मनलाई अनुकूलित गरिरहेको छ। विशेष गरेर हाम्रा प्राचीन शास्त्रीय ज्ञान परम्परा तथा अन्तर्वस्तु बारे अर्थपिपासु कथित प्रवचकहरुले मानवीय जीवन र जगतलाई खारेज गरेर तथा दुःखबाट मुक्तिको प्रश्नलाई मानवीय जीवनको भौतिक दुःख अर्थात् भोक, रोग, शोक, शिक्षा, स्वास्थ्य, समग्रमा आर्थिक गरिबीबाट जन्मेको दुःख र अज्ञानबाट मुक्तिको साटो अभौतिक, अलौकिक दैवीय मुक्तिको प्रश्न बनाई दिएका छन् ; र जसरी यस अलौकिक मुक्तिको निम्ती सबैमा भ्रमित चेतना र चिन्तन प्रक्रिया संक्रमित गरिरहेका छन्, त्यसले मानिसको वस्तु जगतको विषयहरु नै बदलीदिएको छ।

भक्तिरसको मस्ती पिएका सहजमना मानिसहरु अहिले बजार र धर्म दुबैको निम्ती सबैभन्दा सहज उपभोक्ता भएका छन्।

दैवी मुक्ति वा ब्रह्मानन्द र परमेश्वरमा लीन हुनुको अनिर्वचनीय सुख भोग्ने लालसामा सहजमन धर्मभीडू समुदाय, अर्को शब्दमा नदेखेको, नजानेको लोकको 'अवर्णनीय' सुखको लालसामा यस भौतिक जगतको वास्तविक जीवनको दुःख झन् झन् बढाउँदै गै रहेका छन्।

अर्कोतिर आफूलाई ज्ञानी र शास्त्रको ज्ञाताको रुपमा प्रस्तुत गरिरहेका ती प्रवचक र महाराजहरु घोर भौतिक जीवन बाँच्छन्।भव्य र झिलीमिली पन्डाल, मञ्च, भव्य स्वर्णमयताको भान दिने व्यासपीठ,आधुनिक सुविधा सहितका माइकिङ्ग, साजसज्जा, सफल कारोबारी, राजनीति, सिनेमा, खेलकूद लगायतका लोकप्रिय सेलिब्रेटीहरु, प्रवचन कार्यक्रमलाई व्यवस्थित गर्न खटिएको स्वयंसेवकहरुको जमात र बलिउडिया सिनेमाको गीतहरुको नकलमा बनेको प्यारोडी भजन गाउने आर्केस्ट्रा टीम, सबै करोडौं करोडको लगानीको व्यवसाय हो भन्ने प्रष्ट सहजै देख्न सकिन्छ।

अझ प्रवचक महोदयको प्रवचन विज्ञानको दृष्टिले त बेकारको हुन्छ नै, उनले सन्दर्भ भनिरहेको शास्त्रहरुमा उल्लेखित विषयवस्तु भन्दापनि भिन्न हुने गरेको हुन्छ। तर यो भक्ति र मोक्षको तर्कहीन लालसा नै हो, जसले आँखा अगाडी घटिरहेको परिदृश्यहरु बारे तर्कसंगत दृष्टिले हेर्नबाट वञ्चित गराउँछ। भौतिकीय आँखाले देखेपनि ज्ञानचक्षुको उल्टो दिशाको कारण वास्तविकता देखिँदैन, वा देख्न आवश्यक ठानिँदैन। यो अज्ञानतालाई ज्ञान भन्ने भ्रम हो। यो सहजमन मानिसको अनुकूलन हो।

हाम्रो प्राचीनकाल र मध्यकालमा भएका ज्ञानका विमर्शहरु सम्म पुग्ने बाटोमा ज्ञानका स्रोतहरु नै बदलिएका छन्। वेद, उपनिषद्, न्याय, मिमांसा, सांख्य, महाभारत, रामायणसम्म पहुँच आम मानिसको निम्ती सहज छैन। यसको निम्ती अब व्यावसायिकरुपमा तयार पारिएका पाठ्यपुस्तक पढेका प्रवचकहरु रधार्मिक टीभी सिरियल र क्यासेटहरु छन्, जसले बढीभन्दा स्रोता र दर्शक जुटाउन ज्ञान र कर्म सबै विषयलाई भक्तिको चासनीमा आफु खुशी प्रस्तुत गर्छन्। यो अनुकूलित स्थिति कुनै एउटा समुदाय वा सम्प्रदायमा होइन, सबै सम्प्रदायमा देखिन्छ। वेद, पुराण, कुरान, बाइबल सबै मतमा ज्ञान प्रसारको यो रकमी तरिका प्रचलित छ र यस्को केन्दमा अर्थलाभ हुने गरेको छ।

उपनिषद्कालीन ज्ञान विमर्शहरु, बुद्ध र जैनका धम्मस्थलहरु, मस्जिदहरु आरम्भिककालमा शान्तस्थल र एकान्तिक हुने गर्थे। तर व्यावसायिकताको कारण अहिले धार्मिक ज्ञान विमर्शका स्थलहरु, पूजास्थलहरु सबैभन्दा अशान्त र होहल्लाका केन्द्र बनिरहेका छन्। हरेक सम्प्रदाय र आध्यात्मिक मतमा विवेकशील र तार्किकको साटो तर्कलाई निषेध गर्ने आफ्नो मत मात्र श्रेष्ठ भन्ने आक्रामक अन्धभक्तको संख्या बढदै गैरहेको छ। यस अन्धभक्तिको आक्रामकताले समाजलाई असहिष्णु बनाउँदै गै रहेको छ, र सामान्य जीवन बाँच्ने मानिसहरुको जीवन झन् झन् त्रासदपूर्ण, वर्षौंवर्षदेखि संगै बस्दै आएकाहरु बीच सन्देह र अविश्वासपूर्ण, भय, एक अर्कामा असुरक्षा र असहिष्णु बन्दै गैरहेको छ। र यस खेलबाट बजार, धर्म र सत्तामुखी राजनीति, तीनवटै तत्वले फाइदा उठाउँदै छन्। सही ज्ञानको अभावमा सामाजिक चेतना मानवीयताबाट अलगावको दिशामा खतरनाक किसिमले अग्रसर हुँदैछ।

> एउटा शिशुले जति जति आफ्नो परिवेश, आफन्त, बाहिरका र जगतलाई चिन्दै जान्छ, उसको भौतिक ज्ञान बढदै जान्छ ; भौतिक ज्ञानको पटक पटकको व्यवहारले उसको तार्किक र विश्लेषणात्मक ज्ञानको आयतन (क्षेत्र) बढदै जान्छ, उसको ज्ञान सूक्ष्म हुँदै जान्छ , त्यतित्यति उसको भौतिकता, आफ्नो परिवेश र भित्री बाहिरी भौतिकता र अभौतिकता बारे प्रश्नहरुको जवाफमा वैज्ञानिकता र तथ्यसंगत सटिकता बढदै जान्छ।

एउटा शिशुले जति जति आफ्नो परिवेश, आफन्त, बाहिरका र जगतलाई चिन्दै जान्छ, उसको भौतिक ज्ञान बढदै जान्छ ; भौतिक ज्ञानको पटक पटकको व्यवहारले उसको तार्किक र विश्लेषणात्मक ज्ञानको आयतन (क्षेत्र) बढदै जान्छ, उसको ज्ञान सूक्ष्म हुँदै जान्छ , त्यतित्यति उसको भौतिकता, आफ्नो परिवेश र भित्री बाहिरी भौतिकता र अभौतिकता बारे प्रश्नहरुको जवाफमा वैज्ञानिकता र तथ्यसंगत सटिकता बढदै जान्छ। हाम्रा शास्त्रहरुमा वर्णित ज्ञानपनि त्यस्तै हुन्। प्रारम्भमा मानवसमुदायको सामू प्रकृति, मानिस, जीव जन्तुहरु बारे, यो किन छ ? कसरी छ ? कहाँ बाट आयो ? भन्ने असंख्य प्रश्नहरुथियो। तर उनीहरुसंग यस्को समुचित जवाफ थिएन। मानवीय समुदायले यस जगतलाई जति अभ्यास गर्‍यो, भोग्यो, भ्रमण गर्‍यो, प्रकृतिको चक्रको नियमित अभ्यास गर्‍यो, ज्ञान क्रमशः विकसित हुँदै गयो। यी प्रारम्भिक जिज्ञासाको जवाफ दिनु, तत्कालीन समाजका अगुआ र बौद्धिक जमातको दायित्व थियो। उनीहरुले केही आफ्ना भोगाई र केही अनुमानको आधारमा जवाफ दिए।

तपाँईले शास्त्र, पुराण, कुरान, बाइबलका व्याख्याकारहरुका मिमांसा, टीका र नयाँ विवेचनाहरु पढनु भयो भने, फरक फरक पाउनु हुनेछ। यसको कारण हो, समयक्रममा जगतको भोगाई र जान्नुमा कयौं अनुमानित जवाफहरुलाई समयानुकूल बनाउँदै लग्नु। ऋग्वैदिककालको प्राकृतिक प्रजापति बृहदारण्यकमा अद्वैत चैतन्यमय सर्वशक्तिमान ब्रह्म भयो, रुद्र र शैवमतको विकास भएपछि ब्रह्म वर्चस्वादी ईश्वरमा परिणत भयो, भागवतधर्मको विकासपछि ईश्वर सर्वव्यापी सर्वशक्तिमान मोक्षदायक परमेश्वरमा परिणत भयो, लामो समयसम्म ईश्वर र परमेश्वरका पक्षधरहरु एक आपसमा भौतिक र वैचारिक द्वन्द्वमा रहे, लेखटालखेट गरिरहे, फेरी एउटा समन्वयको स्थिति सृजना भयो र ब्रह्म, ईश्वर र परमेश्वर सबै आपसमा पर्यायवाची बने। यस सारा उथलपुथल र द्वन्द्वको कारण राज्यसत्ताको जन्म र वर्चस्वको झगडा थियो। हाम्रा प्राचीन ग्रन्थहरुको अध्ययन गर्ने हो भने यो तथ्य सहजै बुझ्न सकिन्छ। तर भक्तको मन छ, जस्ले यी सारा झन्झट त्यागेर शरणागति खोज्छ। उसले ज्ञानको सर्वोच्च तर्कहीन शरणागतिलाई बुझेको छ।

वस्तुतः प्राचीनकालीन विविध जिज्ञासाबारे वैज्ञानिक दृष्टिले कयौं उत्तरहरु छन्, जो अर्थहीन भैसकेको छ, तर जड चेतनाले यो स्वीकार्न चाहँदैन। विशेष गरेर मध्यकालमा शंकराचार्यको अद्वैतवादी मतले जसरी वेद बाहेकका सबै विचारहरुलाई बलपूर्वक निषेध गरे, त्यसले दक्षिण एसियाली समाजमा विमर्श वा शास्त्रार्थको परम्परा नै समाप्त गरियो दियो। यसले समयानुकूल नयाँ विचारहरुको विकास र सामाजिक अग्रगामी गतिशीलतालाई अवरुद्ध गर्‍यो। तार्किक ज्ञान निषेध भए र शरणागति वा भक्ति मूख्य भयो।

कतिसम्म भने शंकराचार्यको अद्वैत वेदान्तको मतलाई खण्डन गरेर द्वैत वेदान्त र विशिष्टाद्वैत मतहरुपनि उस्तै जड र भक्ति परम्परामा नै विकसित भयो।

'तर्क छोड, सबै मेरा शरणमा आउ, म मुक्ति, मोक्ष दिनेछु, परम ब्रह्मसंग साक्षात्कार गराउने छु।'यो भ्रम नै हो जस्ले ज्ञानको अभावलाई नै ज्ञानको रुपमा सम्प्रेषित गर्छ। हाम्रो युगको महान वैज्ञानिक स्टिफेन हकिङ्गसले भने जस्तै : 'दुःख ज्ञानको अभाव हुनु होइन, ज्ञानको भ्रम हो'। वास्तविकको ज्ञानको तार्किक र विवेकशील परम्परा अहिले मात्रै छ, भन्ने होइन। यो जतिबेला तर्कविहीन वैचारिकता अर्थात प्रत्ययवादी विचार जन्मेको हो, त्यतिबेला देखी नै हो। प्रकृति, जगत र मानवकेन्द्रित चिन्तन र व्यवहारलाई खारेज गर्ने आध्यात्मिक विचार र चिन्तनको विरुद्ध शुरुदेखी नै प्रतिरोधी मत देखिँदै आएको हो। वस्तुतः प्राचीनकालीन ऋषि र आचार्यहरु मध्ये धेरैले ज्ञानलाई तार्किक, जगतमय र सरलबाट जटिलताको दिशामा विकास हुँदै जाने, भनेका छन्। वेद विराधी नास्तिकधाराका बुद्ध, जैन र चार्वाकहरुले त ज्ञानको अलौकिकतावादी दृष्टिको विरुद्ध जाने नै भए, वैदिक वाङ्मयभित्रकै सांख्य, न्याय र वैशेषिक जस्ता दार्शनिक मतहरुले ज्ञान र बुद्धिलाई भौतिक र मानवीय प्रयत्नबाट प्राप्त हुने भनेका छन्। आध्यात्मिक आचार्यहरुले त्रयी (ऋग्, साम र यजुःवेद)भन्दा स्वतन्त्र ज्ञानको अनुमति दिएका छैनन्। तर कौटिल्यका अनुसार प्राचीनकालमा स्वतन्त्र विचारलाई आन्वीक्षिकी भनिन्थ्यो। कपिल, कणाद र गौतम जस्ताले वैदिक धाराभित्रपनि यसलाई समर्थन गरेका छन्।

न्याय दर्शनका आचार्य गौतमका अनुसार ज्ञान, बुद्धि र उपलब्धिको पर्यायवाची छ। त्यसरी नै आचार्य कणाद्ले वैशेषिक दर्शनमा ज्ञान, बुद्धि र उपलब्धिसंग प्रत्यय वा विचारलाई पनि जोडेका छन्। ज्ञानको बारेमा सांख्य योगको दृष्टिकोण अत्यन्त महत्वपूर्ण र मानवीय चरित्रको छ। सांख्यका मूख्य रचनाकार महर्षि कपिलको विचारमा ज्ञान प्रक्रियामा सबैभन्दा पहिले इन्द्रियको माध्यमबाट विषय (जगत)को सम्बन्ध मनसंग हुन्छ, त्यसपछि मन यी विषय सम्वेदनालाई बुद्धिसम्म पुर्‍याउँछ।

विषयको सम्पर्कमा आएर (व्यवहार) बुद्धि विषयको आकार ग्रहण गर्छ। महर्षि कपिलको सांख्यको एउटा उल्लेखनीय पक्ष के छ भने उनले जगतको अस्तित्वलाई मूख्यतः २४वटा तत्वमा आधारित भनेका छन्। उनले पूरकको रुपमा मात्रै २५औं तत्वको रुपमा ईश्वरलाई राखेका छन्।

ज्ञानबारे कपिल, कणाद् र गौतमको चर्चा गर्नुको उद्देश्य के हो भने तत्कालीन समयमा समाजमा वैचारिक पक्ष र प्रतिपक्षको बीचका बहस, विमर्श र प्रतिरोध सबै सहज र स्वीकार्य थियो, सहिष्णु थियो। यसले समाजलाई समयानुकूल अग्रगामी दिशामा विकसित हुन मद्दत गरेको थियो। तर जतिबेला देखी दार्शनिक मतहरु जड धार्मिकतामा परिणत भए, ज्ञानका धाराहरु अवरुद्ध भए र समाज संकीर्ण र असहिष्णु बन्दै गयो।

बीसौं शताब्दीमा भएका विविध वैचारिक र राजनीतिक संघर्षहरुले बसुधैव कुटुम्बकम र मानवीय चिन्तनहरुलाई प्रोत्साहित गरेको थियो। तर विगत सयवर्षमा साम्प्रदायिक असहिष्णुता बढदै गएको देखिन्छ। यसमा सबैभन्दा ठूलो खेल ज्ञानको क्षेत्र र विषय नै बदलिदिनु हो।

अहिले प्रवचकहरु, संकीर्ण धर्माचार्यहरु, बजार र राजनीतिपनि ज्ञानको यस हेराफेरी र भ्रमित ज्ञानको प्रसारमा व्यस्त देखिन्छ। सारमा यो बजार, धर्म र राजनीतिको संयुक्त सत्ता हो, जो सर्वव्यापी वर्चस्वको प्रयत्नमा छ। जनसामान्यको दुःखको एउटा स्थायी र प्रमुख कारण योपनि हो। भ्रमबाट मुक्त होउँ, मानवीय होउँ, सहिष्णु होउँ। अस्तु।

# विचार: नेपाल र भारतबीच फुटबल, चलचित्र जस्तै

राजु सिलवाल

काठमाडौं, १२ कात्तिक (रासस): विश्व कीर्तिमानी आरोही फुर्वा तेन्जिङ शेर्पाले गत बसन्त ऋतुमा सगरमाथाको चुचुरोमा नेपाली राष्ट्रिय फुटबल टिमकी गोलकिपर एन्जिला तुम्बापो सुब्बाको तस्बिर अङ्कित टिसर्ट प्रदर्शन गरेका थिए। गोलकिपर सुब्बाको जीवनीमा आधारित 'एन्जिला' नामक चलचित्रको प्रवर्द्धनका सिलसिलामा उक्त टिसर्ट सगरमाथा लगिएको थियो। आगामी माघ ११ गतेदेखि सार्वजनिक हुने उक्त चलचित्रमा प्रसिद्ध अभिनेता दयाहाङ राईलगायतका कलाकारसँग गोलकिपर सुब्बाले मुख्य पात्र बनेर अभिनय गरेकी छिन्। चलचित्रको पोष्टरमा गोलकिपर सुब्बाले बल समाइरहेको तस्बिर छापिएको छ।

हिजो काठमाडौंको दशरथ रङ्गशालामा उनै गोलकिपर सुब्बा कप्तान रहेको नेपाली राष्ट्रिय महिला फुटबल टिमले भारतसँग खेलेको सातौं महिला साफ च्याम्पियनसिप फुटबल प्रतियोगिताको सेमी फाइनल खेल कुनै चलचित्र प्रदर्शनभन्दा कम भएन। खेलमा प्रतिस्पर्धा, तनाव, विवादास्पद अवस्था, रोमाञ्चकारी क्षण तथा सुखद अनुभूतिजस्ता अनुभव दर्शकहरूले गरेका थिए। राति अबेरसम्म फुटबल प्रतियोगिता हेरेपछि नेपाल राष्ट्रिय आधारभूत विद्यालयबाट अवकाश प्राप्त पूर्वप्रधानाध्यापक दीपक कपालीले नेपाल र भारतबीचको फुटबल प्रतियोगिता कुनै चलचित्र हेरेजस्तै रोमाञ्चकारी लागेको टिप्पणी गरेका छन्।

लिग चरणमा समूह विजेता बनेपछि चिर प्रतिस्र्धी भारतसँगको प्रतिस्पर्धालाई नेपाली दर्शकहरूले निकै महत्व दिएका थिए। घरेलु मैदानमा हजारौं नेपाली फुटबलप्रेमीहरूको उपस्थितिमा खेल्न पाउनु नेपाली फुटबल खेलाडीहरूका लागि महत्वपूर्ण अवसर थियो। नेपाली राष्ट्रिय महिला टिमका प्रशिक्षक राजेन्द्र तामाङले सन् २०२२ मै भारतलाई नेपालले हराए पनि प्रतिस्पर्धीसँग सतर्क भएर खेल्नुपर्ने बताएका थिए। उनी नेपालको टिममा दक्षिण तथा मध्यएसियाकै उत्कृष्ट स्ट्राइकर भएकामा ढुक्क थिए। भारतीय प्रशिक्षक सन्तोषकुमार कष्यप भने सधैं खाली रङ्गशालामा खेल्ने गरेका महिला खेलाडीहरूले आज भरिभराउ रङ्गशालामा खेल्न पाएकामा खुसी देखिन्थे। विगतमा महिला फुटबल प्रतियोगिताहरूमा दर्शकहरूको उपस्थिति कमै हुने गरेको थियो। तर करिब १५ हजार दर्शक क्षमताको दशरथ रङ्गशाला हिजो खचाखच भरिएको थियो। यसबाहेक टेलिभिजन प्रसारण तथा सामाजिक माध्यम युट्युबका माध्यमबाट पनि लाखौं फुटबलप्रेमीहरूले यो खेल हेरेका थिए।

महिला साफ च्याम्पियनसिप फुटबल प्रतियोगिता पाँचपटक जितिसकेको भारत तथा उक्त प्रतियोगितामा पाँचपटक नै उपविजेता बनेको नेपालबीचको हिजोको फुटबल खेल पूर्वार्द्ध अवधिमा प्रतिस्पर्धात्मक रुपले अघि बढेको थियो। दुवै पक्षबाट गोल आफ्नो पक्षमा गर्ने प्रयास गरेता पनि सफलता भने मिलिरहेको थिएन। यस अवधिमा भारतीय खेलाडीहरूले बढी फल खेलेको देखिएको थियो।

### भूटानी रेफ्रीको निर्णय

मध्यान्तरपछिको ५१औं मिनेटमा भूटानी रेफ्री ओम चोकीले नेपालकी स्ट्राइकर रेखा पौडेललाई दोहोरो पहेँलो कार्डसहित रातो कार्ड देखाएर मैदानबाट बाहिर निकालेपछि खेल तनावपूर्ण हुन सुरु भएको थियो। रेखा नेपाली फुटबल टिमकी पहिलो रोजाइकी स्ट्राइकर हुन्। यसपालिको प्रतियोगितामा उनले नेपाली खेलाडीहरूमध्ये सर्वाधिक सात गोल गरिसकेकी थिइन्। युएईमा क्लबमा आबद्ध भई व्यावसायिक खेल खेलिरहेकी उनलाई निकाल्ने रेफ्रीको निर्णयपछि दर्शकहरू आक्रोशित बनेका थिए। त्यसपछि रङ्गशालामा सुरक्षाकर्मीहरू बढाइएको थियो। स्ट्राइकर रेखा पौडेलले अब नेपालले बङ्गलादेशसँग खेल्ने फाइनल खेल गुमाउनेछिन्।

रेखालाई मैदानबाट निकालिएपछि खेल केही बेर अवरुद्ध बनेको थियो। १० खेलाडीमा सीमित नेपाली पक्षलाई ७२औं मिनेट भारतीय टिमकी सङ्गीता बासफोरले गोल गरेकी थिइन्। त्यसको लगत्तै नेपाली पक्षका तर्फबाट प्रिती राईले गोल गरे पनि रेफ्री ओम चोकीले मान्यता नदिएपछि खेल पुनः करिब एक घण्टा १५ मिनेट रोकिएको थियो। यसअघि दशरथ रङ्गशालामा यसरी लामो अवधिसम्म खेल रोकिएको उदाहरण छैन। जाडोयाममा रातिको समयमा लामो समयसम्म खेल रोकिए पनि फुटबलप्रेमीहरू आ-आफ्नो स्थानमा नै रहिरहेका थिए। रेफ्री चोकीले सुरुमा गोल भएको सङ्केत गरे तापनि सहायक रेफ्री र फोर्थ अफिसियलको सङ्केतअनुसार गोललाई मान्यता नदिएपछि विवाद बढेको थियो। नेपाली खेलाडीहरूले खेल्न नमानेपछि उनीहरूलाई मनाउन फुटबल पदाधिकारीहरूले धेरै प्रयास गरेका थिए। नेपाली टिमले खेल पुनः सुरु नगरे कारबाही गर्न सकिनेसम्मको जानकारी साफ च्याम्पियनसिपका सम्बन्धित अफिसियलहरूले दिएपछि नेपाली टिम पुनः खेल्न मञ्जुर भएको नेपाली प्रशिक्षक राजेन्द्र तामाङले जानकारी दिएका छन्।

खेल पुनः सञ्चालन भएलगत्तै नेपाली स्ट्राइकर सावित्रा भण्डारी 'साम्बा' ले गोल फर्काई आफ्नो टिमलाई बराबरीको स्थितिमा लग्न सफल भएकी थिइन्। दक्षिण एसियाकै उत्कृष्ट स्ट्राइकरमध्ये मानिएकी उनले गोल गरेर मुलुकको शिर उँचो त बनाइन् तर गोल गरेको जोसमा मैदान बाहिर निस्किएर टिसर्ट खोलेकामा रेफ्री चोकीबाट पहेँलो कार्ड ब्यहोर्न बाध्य बनिन्। खेलको निर्धारित समयमा एक-एक गोल भई बराबरीमा टुङ्गिएपछि समय नथपेर गराइएको 'टाइब्रेकर'मा नेपालले भारतलाई दुई गोलका विरुद्ध चार गोलले पराजित गरी फाइनलको ढोका खोलेको थियो।

टाइब्रेकरका लागि दुवै पक्षले गोलकिपर समेत परिवर्तन गरेका थिए। भर्खरै मैदान प्रवेश गरेकी नेपाली गोलकिपर अन्जना रानामगरले दुईवटा पेनाल्टी बचाएर मुलुकलाई जिताउन महत्वपूर्ण भूमिका निभाएकी थिइन्। साँझ ६ बजेर ३० मिनेट जाँदा सुरु भएको उक्त फुटबल तीन घण्टाभन्दा बढी चलेको थियो। खेल समाप्त हुँदा रातिको झन्डै १० बजिसक्दा पनि पनि दर्शकहरू प्यारापिटको सिटबाट नउठेर नेपाली टिमको जितमा खुसियाली मनाइरहेका थिए।

### भूटानसागको त्यो बराबरी

सातौं साफ महिला च्याम्पियनमा नेपालको पहिलो खेलनै बिग्रेको थियो। विगतमा पराजीत गर्दै आएको भुटानलाई कुनै गोल गर्न नसकी पराजीत गर्न नसकेकामा नेपाली टिमले आलोचना पनि ब्यहोर्नुपरेको थियो। नेपाललाई भूटानी टिम भारी साबित हुन पुगी लिग खेल गोलरहित अवस्थामै टुङ्गिएको थियो। सो खेलमा नेपाली खेलाडीहरूले टिममा खेल नखेली व्यक्तिगत खेलेकाले गोलरहित खेल ब्यहोर्नुपरेको स्वयम् नेपाली टिमका प्रशिक्षक राजेन्द्र तामाङले पत्रकारहरूलाई बताएका थिए। विगतको तुलनामा भूटानले खेलमा सुधार गर्दै गएको कुरामा कुनै शङ्का छैन तापनि नेपाल र भूटानबीचको खेलमा नेपाली खेलाडीहरू वास्तवमै स्वार्थी भएको देखिएको थियो। प्रशिक्षक तामाङ खेलाडीहरू स्वयम्ले गोल बन्ने गरेर नायक बन्ने होडमा लागेको स्पष्ट पारेका थिए।

### गोलको वर्षा

सातौं महिला साफ च्याम्पियनसीपको लिग चरणमा नेपालले माल्दिभ्स विरुद्धको खेलमा गोलको वर्षा नै गरेको थियो। नेपालले माल्दिभ्सलाई शून्यका विरुद्ध ११ गोलले पराजित गरेको थियो। रेखा पौडेलले पाँच गोल, प्रिती राईले तीन गोल तथा सविता रानामगर, अमिशा कार्की र अनिता केसीले एक/एक गोल गरेका थिए। खेलाडी रेखा पौडेल युएईमा व्यावसायिक फुटबल खेलिरहेको अवस्थामा राष्ट्रिय टिमबाट आबद्ध हुन स्वदेश फर्की टिममा सामेल भएकी थिइन्।

यसअघिका महिला साफ च्याम्पियनसिपका प्रतियोगिताहरूमा पनि नेपालले माल्दिभ्स, पाकिस्तान जस्ता देशलाई अत्यधिक गोल गरेको थियो। नेपालले लिग चरणमै श्रीलङ्कालाई शून्यका विरुद्ध छ गोलले हराएको थियो। यस खेलमा रेखा पौडेलले दुई गोल गरेकी थिइन् भने सविता रानामगर, सावित्रा भण्डारी, अमिशा कार्की र रश्मीकुमारी घिसिङले एक/एक गोल गरी नेपालीलाई लिगको समूह विजेताका रूपमा सेमी फाइनलमा प्रवेश गराउन योगदान गरेका थिए।

### भोकै तयारी

यो प्रतियोगिताको सिलसिलामा आफू एक हप्ता रोएरै तनावमा बसेको नेपाली टिमकी अग्रपङ्क्तिकी खेलाडी सावित्रा भण्डारी 'साम्बा' ले बताएकी छिन्। भूटान विरुद्धको खेल गोलरहित बराबरीमा टुङ्गिएपछि टिमकी स्कोकर सावित्राको अनुपस्थितिलाई पनि कारण मानिएको थियो। उनी फ्रान्समा स्थानीय क्लबका तर्फबाट फ्रान्सेली लिग खेल्न गएकी थिइन्। उनले त्यहाँ पनि गोल गरेकी थिइन्। उनी फ्रान्सदेखि नेपालमा साफ च्याम्पियनसिप खेल्न आएकी थिइन्। माल्दिभ्स विरुद्धको खेलको अघिल्लो राति मात्र उनी काठमाडौं आइपुगेको अवस्थामा पनि उनलाई प्रशिक्षकले तयारी अवस्थामा राखेका थिए। दक्षिण एसियाकै उच्चकोटीकी स्कोरर मानिएकी साम्बाले सन् २०१६ को साफ च्याम्पियनसिपमा कूल १२ गोल गरेर प्रतियोगिताकै धेरै खेलाडी बन्न सफल भएकी थिइन्।

फ्रान्सबाट स्वदेश फर्कने क्रममा विमानमा खानेकुरा नखाएर जुस मात्र पिएर आएको अवस्थामा पनि प्रशिक्षक तामाङले साम्बालाई खेलको उत्तरार्द्ध अवस्थामा मैदानमा उतार्ने लक्ष्यले बेन्चमा राखेका थिए। तर नेपालका तर्फबाट माल्दिभ्सविरुद्ध मध्यान्तरअघि नै चार गोल भइसकेपछि उनलाई मैदानमा उतार्ने अवस्था आएन। भारत विरुद्धको महत्वपूर्ण खेलमा 'प्लेयर अफ द म्याच'को उपाधि सावित्रा भण्डारीले पाएकी थिइन्। उनले दर्शकहरूको अपार मायाका कारण नै नेपाली महिला फुटबल टिमले सफलता प्राप्त गरेको धारणा व्यक्त गरेकी छिन्।

अब बुधबार बङ्गलादेश विरुद्धको फाइनलमा सावित्रासहितका नेपाली महिला फुटबल टिमसँग आबद्ध खेलाडीहरूले साफ च्याम्पियनसिप उपाधि पहिलोपटक मुलुकलाई दिलाउन अझ उत्कृष्ट योगदान दिने अपेक्षा नेपाली फुटबलप्रेमीहरूले गरेका छन्। गत छैटौं महिला साफ च्याम्पियनसिपको फाइनलमा बङ्गलादेशसँग एक गोलका विरुद्ध तीन गोलले पराजय भोग्नु परेको पीडा नेपाली महिला खेलाडीहरूले भुलेका छैनन्। (लेखक खेल पत्रकार हुनुहुन्छ।)

# भ्रष्टाचारका बारेमा शून्य सहनशीलताको नीति अपनाउने कुरामा सरकार प्रष्ट छ : गृहमन्त्री लेखक

काठमाण्डु । गृहमन्त्री रमेश लेखकले भ्रष्टाचारका बारेमा शून्य सहनशीलताको नीति अपनाउने कुरामा अहिलेको सरकार प्रष्ट रहेको बताउनुभएको छ ।



सिंहदरबारस्थित प्रतिनिधिसभा, राज्य व्यवस्था तथा सुशासन समितिको बैठकमा गृहमन्त्री लेखकले सरकार भ्रष्टाचार निवारण/नियन्त्रण, भ्रष्टाचारका बारेमा शून्य सहनशीलताको नीति अपनाउने कुरामा प्रष्ट रहेको उल्लेख गर्दै त्यसलाई कार्यान्वयन गर्न भ्रष्टाचारलाई पूर्ण रुपमा निर्मूल गर्न कानुन र विधयेक प्रस्तुत गरिएको धारणा राख्नुभयो ।

"प्रस्तुत विधयेक चाँडोभन्दा चाँडो समितिबाट टुङ्गो लगाएर आगामी अधिवेशनमा पूर्णता दिने कुरामा समितिले काम गरिदेओस भन्ने सरकारका तर्फबाट आग्रह छ", गृहमन्त्री लेखकले भन्नुभयो-"यी विधयेक प्राथमिकतामा छन्, तुरुन्त पारित गरेर कानुन बनाउनुपर्छ ।"

विधयकलाई आउँदो अधिवेशबाट पुर्ण रुपले पारित गरेर कार्यान्वयन गर्न र प्रचलनमा ल्याउन समितिले टुङ्गोमा पुऱ्याएर सङ्घीय संसद्को अधिवेशनमा प्रस्तुत गर्न उहाँले आग्रह गर्नुभयो ।

"अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन तथा भ्रष्टाचार निवारण ऐनसम्बन्धी ऐनलाई समसामयिक रुपले परिमार्जन र संशोधन गर्न विधयेकहरु प्रस्तुत गरिएका छन्", उहाँले भन्नुभयो, "जुन सम्मानित समितिमा विचाराधीन छ ।" गृहमन्त्री लेखकले भ्रष्टाचारलाई न्यूनीकरण गरेर यसमा शून्य सहनशीलताको नीति अवलम्बन गरेर मुलुकमा सुशासनको प्रत्याभूति गर्न सरकार प्रतिबद्ध रहेको बताउनुभयो । "यी विधयेकहरु पूर्ववर्ती सरकारबाट प्रस्तुत भएका भए पनि सरकार भनेको अविछिन्न उत्तराधिकारी हो, सरकार अलग/अलग हुँदैन", उहाँले भन्नुभयो । रासस

# प्रधानमन्त्रीसमक्ष उद्योग तथा व्यवसायी महासघंको सुझाव

काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीसमक्ष नेपाल उद्योग तथा व्यवसायी महासङ्घले मुलुकको अर्थतन्त्र सुधारका सम्बन्धमा निजी क्षेत्रका साझा सवाल' समेटेर ४० पृष्ठे अवधारणापत्र बुझाएको छ ।



प्रधानमन्त्री एवं नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्ष ओलीलाई आज प्रधानमन्त्री निवास, बालुवाटारमा भेटेर एमालेको जनसङ्गठन रहेको महासङ्घका संयोजक भगीरथ सापकोटासहितकोप्रतिनिधिमण्डलले 'सुदृढ अर्थतन्त्र निर्माणको आधारः सबल निजी क्षेत्र र बलियो पूर्वाधार' को लक्ष्य लिइएको सुझावपत्र बुझाएको हो ।महासङ्घले गत भदौ ७ गते निजी क्षेत्रका समस्या र समाधानका विषयमा आयोजना गरेको छलफल कार्यक्रमबाट आएका निचोड र उद्योगी व्यवसायीले भोगिरहेका समस्या तथा समाधानका उपायलाई अवधारणापत्रमा समावेश गरेको छ । सुझावपत्रमा अहिले देशको अर्थतन्त्रका साथै उद्योगी व्यवसायीहरु जटिल परिस्थितिबाट गुज्रिरहेको भन्दै यसलाई सुधार गर्न सरकारले तत्काल नीतिगत सुधार गर्नुपर्नेमा जोड दिइएको छ ।

स ा ` अवसरमा प्रधानमन्त्री ओलीले सरकारलले अर्थतन्त्र सुधारका लागि योजनाबद्ध काम गरिरहेको र उद्योगी व्यवसायीले उत्पादन तथा उत्पादकत्व वृद्धिमा आफ्नो ठाउँबाट काम गर्नुपर्ने बताउनुभयो । उहाँले सङ्गठनका अगुवाको व्यवसाय र उत्पादन तथा व्यवहार आदर्शयुक्त हुनुपर्ने सुझाव दिनुभयो ।

सो क्रममा एमालेका जनसङ्गठन संयन्त्र इञ्चार्ज भानुभक्त ढकाल, सहइञ्चार्ज रचना खड्का, प्रधानमन्त्रीका आर्थिक मामिला तथा विकास सल्लाहकार डा युवराज खतिवडालगायत सहभागी हुनुहुन्थ्यो । रासस

# निजी क्षेत्रको ऊर्जा विकासमा सहजीकरण गर्न ऊर्जामन्त्रीसमक्ष माग



काठमाण्डु । निजी क्षेत्रका ऊर्जा उत्पादकको छाता संस्था स्वतन्त्र ऊर्जा उत्पादकको संस्था, नेपाल (इप्पान)ले निजी क्षेत्रको ऊर्जा विकासका लागि सहजीकरण गर्न ऊर्जामन्त्री दीपक खड्का समक्ष माग गरेका छन् ।

इप्पानका अध्यक्ष गणेश कार्की नेतृत्वको टोलीले आज ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री खड्कालाई भेटेर सरकारले राखेको ऊर्जा विकासका लक्ष्यलाई पूरा गर्न निजी क्षेत्रको ऊर्जा विकासमा सहजीकरण गर्न माग गर्नुभएको हो ।

अध्यक्ष कार्कीले आर्थिक मन्दी, बैंक तथा वित्तीय संस्थाले जलविद्युत् आयोजनालाई दिनुपर्ने ऋण प्रवाह गर्न नसक्नु, भारतबाट विस्फोटक पदार्थ आयातमा अनौपचारिक रोक लगाउनु, वन तथा वातावरण मन्त्रालयले रुख कटानको स्वीकृति नै नदिनु, सरकारी जग्गा प्राप्तिमा हदबन्दीलगायतका झमेलाले आयोजना समयमै बनाउन नसकिएको उल्लेख गर्दै विद्युत् उत्पादनको अन्तिम मितिको म्याद बढाउन आग्रह गर्नुभयो ।

इप्पानले जलविद्युत् आयोजनाको अध्ययनमा लामो समय लाग्ने र कतिपय आयोजना अध्ययन गर्दागर्दै सम्भाव्य नहुने हुँदा आयोजना सबै हिसाबले सम्भाव्य भएर उत्पादन अनुमतिपत्र प्राप्त गरेपछि मात्रै उद्योग विभागमा दर्ता गर्ने व्यवस्था गरिदिनसमेत मन्त्रीसमक्ष आग्रह गरेको छ । यसैगरी, आयोजनाको प्रकृति र क्षमता अनुसार वित्तीय व्यवस्थापनको समय तोकिदिनसमेत माग गरेको छ । भेटमा मन्त्री खड्काले सरकारले सन् २०३५ सम्ममा २८ हजार पाँच सय मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य लिएकाले यसलाई पूरा गर्न निजी क्षेत्रको साथ र सहयोग महत्वपूर्ण रहेको बताउनुभयो ।

"मुलुकको ऊर्जा क्षेत्रको विकासका लागि सरकारले निजी क्षेत्रलाई सँगै लिएर अगाडि बढ्न चाहेको छ, निजी क्षेत्रको ऊर्जा विकासमा देखिएको समस्या समाधान गर्न सरकार लाग्छ," उहाँले भन्नुभयो ।

मन्त्री खड्काले विद्युत् उत्पादनका लागि लाइसेन्स लिएर बस्ने तर आयोजनालाई अगाडि नबढाउने प्रवृत्ति देखिएको उल्लेख गर्दै काम नगर्ने आयोजनाको लाइसेन्स खारेज गर्नुपर्ने बताउनुभयो । उहाँले बाढीपहिरोबाट क्षति पुगेका आयोजनाको बारेमा अध्ययन गरेर निर्णय गरिने बताउनुभयो । रासस

# 'एस्थेटिक अकुलोप्लाष्टि' सेवा सुरु गर्दै तिलगङ्गा आँखा प्रतिष्ठान

काठमाण्डु । तिलगङ्गा आँखा प्रतिष्ठानले 'एस्थेटिकअकुलोप्लाष्टि' सेवा छिट्टै सञ्चालनमा ल्याउने जनाएको छ । आज आयोजित एक दिने विशेष एस्थेटिक अकुलोप्लाष्टि कार्यशालामा प्रतिष्ठानका कार्यकारी निर्देशक डा सन्दुक रूइतले नेपालमा यसको सम्भावना राम्रो रहेको र छिट्टै नै विभिन्न सुविधासहित सेवा सुरू गरिने जानकारी गराउनुभयो ।

यो सुविधा तिलगङ्गा प्रतिष्ठान तथा तिलगङ्गा सिटि आइ सेन्टर, चुच्चेपाटीमा निकट भविष्यमा सुरु हुने उहाँले बताउनुभयो । डा रूइतका अनुसार 'एस्थेटिक अकुलोप्लाष्टि' भन्नाले आँखारोग उपचारको यस्तो विषय हो जसले आँखा र त्यस वरपरको सुन्दरतालाई जोड दिन्छ । शल्यक्रिया वा अन्य उपचार पद्धतिबाट अनुहारमा सौन्दर्य ल्याउन मद्दत गर्ने भएकाले यसप्रतिको चासो जनमानसमा बढ्दो छ ।

> डा रूइतका अनुसार "एस्थेटिक अकुलोप्लाष्टि" भन्नाले आँखारोग उपचारको यस्तो विषय हो जसले आँखा र त्यस वरपरको सुन्दरतालाई जोड दिन्छ ।


हाल तिलगङ्गामा डेडो आँखाको समस्या, आँखा डिल तथा अनुहारको मांशपेशी फरफराउने समस्या, अत्यधिक आँशु आउने समस्या, थाइराइडबाट हुने आँखाको लिडको समस्याको उपचार 'बोटक्स इन्जेक्सन'बाट निवारण भइराखेको छ । यस कार्यशालापश्चात् थप सेवा जस्तै बोटक्सबाट अनुहार तथा घाँटीको चाउरीपनलगायत अन्य आँखा समस्याको उपचार गर्न सकिने प्रतिष्ठानले जनाएको छ ।

कार्यशालामा एस्थेटिक अकुलोप्लाष्टिका तीन अन्तर्राष्ट्रिय विज्ञहरू फिलिपिन्सका डा इभेट सान्टियागो, मलेसियाका डा एलिस गोह र सिङ्गापुरका डा स्टेफेनीइ योङ्ले कार्यशालामा कार्यपत्र प्रस्तुत गर्नुभयो ।

फिलिपिन्सकी डा सान्टियागोले अनुभवीबाट मात्र यस्तो सेवा लिनुपर्ने बताउनुभयो । उहाँले भन्नुभयो,"बोटक्स गर्दा भएको गल्तीले अनुहार नै बिग्रिएका पनि छन् । सकेसम्म बेलैमा छालाको ध्यान दिनु राम्रो हुन्छ ।"

कार्यशालामा देशभरका विभिन्न स्थानबाट आँखा रोग विशेषज्ञ र आवासीय चिकित्सकको सहभागिता रहेको छ । रासस

# 'मिश्रको निधनले पर्यटन क्षेत्रमा अभाव खड्कियो'



काठमाण्डु । पर्यटन व्यवसायी वसन्तराज मिश्रको निधनबाट मुलुकको पर्यटन क्षेत्रमा अभाव खड्किएको यस क्षेत्रका विज्ञहरुले औँल्याएका छन् । मिश्रको सम्झनामा प्यासिफिक एसिया ट्राभल एशोसिएसन (पाटा) नेपाल च्याप्टरले आज आयोजना गरेको शोकसभाका वक्ताले पर्यटन क्षेत्रका सिद्धहस्त व्यक्तिको निधनले पर्यटन क्षेत्रलाई मर्माहत तुल्याएको बताए ।

पूर्व पर्यटन सचिव दीपेन्द्रपुरुष ढकालले नेपालमा गुणस्तरीय पर्यटक भित्र्याउन र नेपाल गन्तव्यबारे अन्तर र्राष्ट्रिय जगतमा प्रवर्द्धन गर्न मिश्रको योगदान अतुलनीय रहेको बताउनुभयो । "मिश्रको निधनबाट पर्यटन क्षेत्रमा अभाव महसुस भएको छ", उहाँले भन्नुभयो, "अन्तर्राष्ट्रिय पर्यटन मेलामार्फत नेपाललाई विश्वभर पहिचान गराउन पनि उहाँको उत्तिकै योगदान छ । आत्मीय, समाजसेवी र भिजनरी व्यक्तित्व मिश्रले देखाएको बाटोमा अगाडि बढ्नसके मात्रै उहाँप्रति सच्चा श्रद्धाञ्जलि हुनेछ ।"

नेपाल पर्यटन बोर्डका वरिष्ठ निर्देशक नन्दिनी लाहे थापाले मिश्रको निधनले पर्यटन क्षेत्रको अभिभावक गुमाएको भन्दै उहाँले अगाडि सारेका अभियानलाई निरन्तरता दिएर नेपालको पर्यटन क्षेत्रलाई थप गतिशील र प्रभावकारी बनाइनुपर्नेमा जोड दिनुभयो ।

पर्यटन व्यवसायी योगेन्द्र शाक्यले नेपाली पर्यटन क्षेत्रका पायोनियर मिश्रको निधनले पर्यटन क्षेत्रमा गहिरो क्षति पुगेको बताउनुभयो ।

पाटा नेपालका पूर्व अध्यक्ष आर आर पाण्डेले दिगो पर्यटन विकास र वातावरण संरक्षणमा मिश्रले महत्वपूर्ण भूमिका खेलेको उल्लेख गर्नुभयो । पाटा नेपालका अर्का पूर्व अध्यक्ष विभूतीचन्द ठाकुरले मिश्रसँगको बाल्यकालदेखि व्यावसायिक जीवनका विभिन्न आयामहरुको स्मरण गराउनुभयो ।

पाटा नेपाल च्याप्टरका अध्यक्ष खेमराज लकाईले नेपालको पर्यटनलाई अन्तर्राष्ट्रिय जगतमा प्रवर्द्धन गर्न मिश्रले खेलेको भूमिकालाई नयाँ पुस्ताले आत्मसाथ गरेर अगाडि बढ्नसक्नुपर्नेमा जोड दिनुभयो । पर्यटन क्षेत्रका अगुवा सङ्गठनका प्रमुख एवं व्यवसायीको सहभागितमा पाटा नेपाल च्याप्टरका पूर्व अध्यक्ष मिश्रको सम्झनामा शोकसभा आयोजना गरिएको हो ।

मिश्रको यही कात्तिक ४ गते उपचारका क्रममा ७२ वर्षको उमेरमा निधन भएको थियो । 'टेम्पल टाइगर ग्रुप अफ कम्पनी'का अध्यक्ष मिश्र सन् १९७० को दशकदेखि नै यो क्षेत्रमा सक्रिय हुनुहुन्थ्यो । नेपालको पर्यटनलाई अन्तर्राष्ट्रियस्तरमा पुऱ्याउन उहाँले महत्वपूर्ण भूमिका खेल्नुभएको छ । रासस

# सीमान्तकृत समुदायलाई घरबासमार्फत रोजगारसँग जोडिदै

ढोरपाटन । बागलुङको काठेखोलाका सीमान्तकृत महिला तथा युवालाई घरबास (होम-स्टे)मार्फत रोजगारसँग जोड्न थालिएको छ । गाउँपालिका वडा नं ३, ५, ७ र ८ का करिब एक सय महिला तथा युवालाई रोजगारसँग जोड्न थालिएको हो । यहाँ गाउँपालिकासँगको साझेदारीमा संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (युएनडिपी) नेपालको आर्थिक सहयोग र नेपाल गाजा डेभलपमेन्ट फाउण्डेशन बागलुङको व्यवस्थापनमा रोजगारी सिर्जनाका लागि कार्यक्रम सञ्चालन थालेको काठेखोला गाउँपालिकाका अध्यक्ष राजु थापाले बताउनुभयो ।

उहाँले बसाइँसराइले सुनसान बन्दै गएपछि घरबास सञ्चालनपछि धेरैलाई गाउँ फर्काउन सकिने अपेक्षा लिएको उहाँ बताउनुभयो । अध्यक्ष थापाले भन्नुभयो, "गाउँपालिकाले बसाइँसराइ रोक्नका लागि रोजगार सिर्जना गर्ने योजना बनाएको थियो, हाम्रो योजनालाई गैरसरकारी संस्थाले पनि सहयोग गर्नुभयो, सोहीअनुसार यसवर्ष चार वडामा घरबास सञ्चालन गरेका छौँ,



भइरहेको छ ।

बसाइँसराइले उजाडिन थालेको गाउँमा घरबासमार्फत रोजगारी सिर्जना हुन थालेपछि स्थानीय उत्साहित भएका छन् । पर्यटकीय सम्भावना बोकेका वडा नं ३ को धम्जा देउराली, ५ को बिहुँ, ७ को बौर र ८ को लेखानी गाउँका स्थानीयलाई घरबास सञ्चालनका लागि प्रेरित गरी रोजगार सिर्जना गर्न गाउँमै बसेर केही गर्न चाहने युवा र महिलालाई यसले ठूलो मद्दत गरेको छ, अन्य वडामा पनि सुरु गर्ने योजना छ ।"

हाल पालिकाका चार स्थानमा सामुदायिक एग्रो घरबास सञ्चालन गरेको नेपाल गाजा डेभलपमेन्ट फाउण्डेशनकी कार्यक्रम प्रबन्धक ममिता पुनले जानकारी दिनुभयो । रासस

# 'बा' हिँडेको बाटो हिँडेर फर्किए छोरा माथिएस

गलेश्वर । पहिलो अन्नपूर्ण हिमालका प्रथम आरोही फ्रान्सेली नागरिक मौरिस हर्जोगका छोरो माथिएस हर्जोग ७५ वर्ष अघि आफ्ना बुबा हिँडेको बाटो हिँडेर पहिलो अन्नपूर्ण हिमालको आधार शिविरसम्म पुगेर फर्किनुभएको छ ।



गत शुक्रबार म्याग्दीको अन्नपूर्ण गाउँपालिका-४ नारच्याङ आउनुभएका हर्जोग शनिबार आफ्ना बुबा मौरिसका पदचाप पछ्याउँदै अन्नपूर्ण हिमालको आधार शिविर पुग्नुभएको थियो । म्याग्दीको अन्नपूर्ण-४ नारच्याङस्थित आठ हजार ९१ मिटर अग्लो अन्नपूर्ण प्रथम हिमालमा सर्वोच्च शिखर सगरमाथामा मानव पाईला पुग्नुभन्दा तीन वर्षअघि सन् १९५० जुन ३ तारिखमा मौरिस हर्जोग सहितको फ्रान्सेली टोलीले अन्नपूर्ण प्रथम हिमालको सफल आरोहण गरेको थियो ।

बुबा हिँडेको बाटो हेर्न र हिँड्न अन्नपूर्ण क्षेत्रमा आउनुभएका माथिएसले प्राकृतिक सुन्दरताले भरि पूर्ण अन्नपूर्ण प्रथम हिमालको विश्वभर प्रचारप्रसार गर्न अनुरोध गर्नुभएको छ । माथिएसले अन्नपूर्ण र मौरिस हर्जोग पदमार्गलाई विश्वभर चिनाउन आफूले सक्दो पहल गर्ने बताउनुभयो । माथिएसलाई उद्धृत गर्दै उहाँसँगै अन्नपूर्ण आधारशिविर जानुभएका मौरिस हर्जोग पदमार्गका अभियान्ता तेज गुरुङले भन्नुभयो, ''जेठो हिमाल भनेर चिनिने अन्नपूर्ण अहिले गुमनाम जस्तै छ । अन्नपूर्णको पर्यटकीय सम्भावनाका बारेमा विश्वभर प्रचारप्रसार गर्नुपर्दछ । मौरिस हर्जोग पदमार्ग, आधार क्षेत्र लगायतका स्थानहरुमा पर्यटन पूर्वाधार निर्माण गरेर विश्वभरका पर्यटकलाई यस क्षेत्रमा ल्याउनुपर्दछ ।''

अभियान्ता गुरुङका अनुसार माथिएसले आधार शिविरस्थित पञ्चकुण्ड ताल नजिक राखिएको पिता मौरिसको सालिकमा माल्यार्पण गर्नुका साथै सामूहिक तस्बिर पनि खिच्नुभएको थियो । उहाँले आधार शिविर पुगेर केही बेर ध्यान पनि गर्नुभएको गुरुङले बताउनुभयो ।

गुरुङले भन्नुभयो, ''पदयात्राका क्रममा माथिएसले ७५ वर्ष पहिला आफ्ना पिता हिँडेको मार्ग देखेर चकित हुनुभयो । अहिले जस्तो उवेला पदमार्ग थिएन । भिरपहराको बाटो हुँदै मौरिस यही बाटो भएर अन्नपूर्ण हिमाल आरोहण गर्नुभएको बारेमा हामीले उहाँलाई जानकारी गराएपछि माथिएस दङ्ग पर्नुभयो ।''

सन् २०२५ जुन ३ मा अन्नपूर्ण हिमाल आरोहण गरेको ७५ वर्ष पूरा भएको अवसरमा माथिएसले ८२ वर्षीय आमासहित सम्पूर्ण परिवार अन्नपूर्णको पदयात्रामा आउने प्रतिबद्धता व्यक्त गरेको गुरुङले बताउनुभयो । बुबाले लेखेको 'द अन्नपूर्ण' किताबलाई नेपालीलगायत अन्य भाषाहरुमा पनि अनुवाद गरेर प्रकाशित गर्ने माथिएसले बताउनुभयो ।

हर्जोगले अन्नपूर्ण आरोहण गरेको सम्झनामा म्याग्दीको अन्नपूर्ण गाउँपालिकाले नारच्याङ हुँदै अन्नपूर्ण आधारशिविर पुग्ने पदमार्गलाई 'मौरिस हर्जोग ट्रेल' नामकरण समेत गरेको छ भने आधार शिविरमा रहेको पञ्चकुण्ड ताल नजिक मौरिसको सालिकसमेत राखेको छ । माथिएसको अन्नपूर्ण क्षेत्रको भ्रमणले यहाँको पर्यटन प्रवर्द्धनमा थप टेवा पुग्ने विश्वास गरिएको पालिका अध्यक्ष भरतकुमार पुनले बताउनुभयो ।

अन्नपूर्ण गाउँपालिकाको केन्द्र पोखरेबगरबाट २२ किलोमिटरसम्म सवारीसाधनको यात्रा गरी होमखोलासम्म पुगेपछि त्यहाँबाट २१ किलोमिटरको पदैलयात्राबाट आधार क्षेत्र पुगिन्छ । रासस

# 'वन व्यवस्थापनबाट समृद्धि हासिल गर्न सकिन्छ'

काठमाण्डु । वन क्षेत्रको राम्रो व्यवस्थापन गर्न सकिएमा कम्तिमा पनि एक खर्ब राजस्व वनबाट सङ्कलन गर्न सकिने सरोकारवालाहरूले बताएका छन् । ग्रीन फाउनन्डेसनले सोमबार आयोजना गरेको कार्यक्रमका वक्ताहरूले वनको व्यवस्थापनबाट मुलुकको आर्थिक समृद्धि गर्न सकिने विश्वास व्यक्त गरेका हुन् ।

वन तथा वातावरण मन्त्रालयका सह-सचिव एवं रेड कार्यन्वयन केन्द्रका प्रमुख नवराज पुडासैनीले वनको दिगो व्यवस्थापनको मापदण्डको प्रभावकारी कार्यन्वयन गर्न सकेमा यस क्षेत्रबाट आर्थिक समृद्धि हासिल गर्न सकिने विश्वास व्यक्त गर्नुभयो । "नेपाल वनजङ्गलको धनी मुलुक भनेर त चिनिएको छ । तर, हामीले वनबाट जति फाइदा लिन सक्थ्यौं, त्यो सकिएको छैन," उहाँले भन्नुभयो, "दिगो वन व्यवस्थापन गर्न सकेमा एक खर्बको राजस्व सङ्कलन गर्न सकिन्छ र वनबाट आर्थिक समृद्धि भई रोजगारीको प्रशस्त अवसर स्वदेशमा नै रहन्छ ।"

बागमती प्रदेशसभा सदस्य तथा सामुदायिक वन उपभोक्ता महासङ्घ फेकोफनकी पूर्वअध्यक्ष भारती पाठकले प्राकृतिक स्रोतमाथि महिलाको अधिकार सुनिश्चित हुनुपर्नेमा जोड दिनुभयो । "दिगो वन व्यवस्थापनको मापदण्ड प्रभावकारी र उचित तरिकाले कार्यान्वयन हुन सकेमा मुलुकको कूल ग्राहस्थ्य उत्पादनमा वन क्षेत्रको भूमिका बढाउन सकिन्छ," उहाँले भन्नुभयो, "दिगो वन व्यवस्थापन सम्बन्धि मापदण्ड चाँडाभन्दा चाँडो कार्यन्वयन हुनु जरुरी छ ।"

पूर्ववन सचिव डा स्वयम्भुमान अमात्यले मुलुकको आर्थिक समृद्धि, जलवायु परिवर्तन व्यवस्थापन गर्न प्राकृतिक स्रोतको सही उपयोग गर्न आवश्यक रहेको बताउनुभयो । "कृषि वन प्रवर्द्धनबाट आर्थिक समृद्धि सम्भव छ, वनलाई आर्थिकम समृद्धिको आधार बनाउन दिगो वन व्यवस्थापनको मापदण्डको प्रभावकारी कार्यन्वयन जरुरी छ," उहाँले भन्नुभयो ।

प्राकृतिक स्रोतविद् डा गंगाराम दाहालले महिला, आदीबासी तथा जनजातिको हकमा प्राकृतिक स्रोतसम्बन्धि अधिकार सुनिश्चित गरेमा मात्रै दिगो वन व्यवस्थापनको नीतिको प्रभावकारी कार्यन्वयन हुन सक्ने बताउनुभयो ।

सामुदायिक वन अभियन्ता घनश्याम खड्काले पनि हरित अर्थतन्त्र विकासमार्फत मुलुकमा रोजगारीको अवसरहरू बढाउन सकिने बताउनुभयो ।रासस

# गाजामा नागरिकको अवस्था 'असहनीय' : राष्ट्रसङ्घीय प्रमुख



एएफपी। गाजा पट्टीको उत्तरी भागमा चलिरहेको तीव्र इजरायली सैन्य कारबाहीमा भएको नरसंहार तथा विनाशले संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेर्रेस 'स्तब्ध' भएको उहाँका प्रवक्ताद्वारा जारी विज्ञप्तिमा जनाइएको छ।

उत्तरी गाजाका प्यालेस्टिनी नागरिकहरूको अवस्था असहनीय रहेको विज्ञप्तिमा उल्लेख छ।

गाजाको स्वास्थ्य मन्त्रालयका अनुसार पछिल्ला केही हप्तामा गाजामा सयौँ मानिस मारिएका छन्, भने ६० हजारभन्दा बढी विस्थापित भएका छन्।

गाजामा इजरायलको सैन्य कारबाहीले विनाश र अभावले जबल्या, बेत लाहिया र बेत हानुन वरपरका प्यालेस्टिनीको जीवनको अवस्था अस्थिर बनाइरहेको र द्वन्द्व अन्तर्राष्ट्रिय कानूनको बर्खिलापमा जारी रहेको गुटेर्रेसले बताउनुभएको छ।

उहाँले द्वन्द्वरत पक्षहरूले मानवीय कार्यकर्ता तथा अग्रपङ्क्तीमा रहेर मानवीय सहयोगमा खटिएका व्यक्तिको सम्मान र सुरक्षा गर्नुपर्ने बताउनुभएको छ।

गुटेर्रेसले तत्काल युद्धविराम, सबै बन्धकको बिना शर्त रिहाइ र अन्तर्राष्ट्रिय कानुन अन्तर्गतको जवाफदेहिताका लागि समेत आह्वान गर्नुभएको छ। रासस

# इयुद्वारा लेबनानमा 'तत्काल युद्धविराम' का लागि पुनः आह्वान

एएफपी। युरोपेली सङ्घ (इयु) का विदेश नीति प्रमुख जोसेप बोरेलले सोमबार लेबनानमा 'तत्काल युद्धविराम' को लागि पुनः आह्वान गर्दै हिजबुल्लाह विरुद्धको युद्धमा इजरायलको 'अस्वीकार्य आक्रमण' को निन्दा गर्नुभएको छ।



रान समर्थित मिलिसिया विरुद्धको आक्रमणले मध्यपूर्वमा बढ्दो द्वन्द्वमा संयुक्त राष्ट्रसङ्घको युनिफिल शान्ति सेना मिसनलाई अगाडि ल्याएको छ।

सन् १९७८ देखि दक्षिणी लेबनानमा तैनाथ युनिफिलले सेप्टेम्बरको अन्त्यमा इजरायलले आफ्नो स्थल आक्रमण सुरु गरेदेखि धेरै घाइते भएको र आफ्ना सुविधाहरूमा क्षति भएको जनाएको छ।

इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले हिजबुल्लाहले युनिफिल शान्ति सेनालाई 'मानव ढाल' का रूपमा प्रयोग गरिरहेको बताउँदै शान्ति सेनालाई फिर्ता हुन आह्वान गर्नुभयो।

इयुका विदेश नीति प्रमुख बोरेलले बार्सिलोनामा आयोजित एक मञ्चमा भन्नुभयो, "इयुले युनिफिल निगरानी र सम्बन्धित संयुक्त राष्ट्र सुरक्षा परिषद्का प्रस्तावहरूको सम्मान गर्दै नीलो रेखामा तत्काल युद्धविरामको आह्वान गरेको छ।"

सन् २००६ को इजरायल-हिजबुल्लाह युद्धपछि सोही वर्ष सहमत भएको सुरक्षा परिषद्को प्रस्तावअनुसार दक्षिणी लेबनानमा संयुक्त राष्ट्रसङ्घका शान्ति सैनिक र लेबनानी सेना मात्र तैनाथ हुनुपर्ने थियो।

बोरेलले युनिफिलका संरचना र कर्मचारीहरू विरुद्ध इजरायली सेनाको 'अस्वीकार्य आक्रमण' को निन्दासमेत गर्नुभयो।

गाजाको मानवीय सङ्कट दोस्रो विश्वयुद्धपछिको सबैभन्दा खराब भएको संयुक्त राष्ट्रसङ्घको चेतावनीलाई उल्लेख गर्दै बोरेलले भूमध्य क्षेत्रका नेताहरू भेला भएको मञ्चले 'केवल चिन्ता व्यक्त गर्नु' भन्दा बढी गर्नुपर्ने बताउनुभयो।

सरी यो युद्धमा नागरिकहरूविद्ध कारवाही भइरहेको छ, त्यसले गम्भीर चिन्ता उत्पन्न भएको छ र धेरै अनुत्तरित प्रश्नहरू छोडेको छ", उहाँले भन्नुभयो।

गत वर्ष अक्टोबर ७ मा हमासको इजरायल विरुद्धको अभूतपूर्व आक्रमणले गाजा युद्ध शुरु भयो।

यसबाट लेबनान-इजरायल सीमामा शत्रुता बढायो र इजरायल र इरान बीच पहिलो प्रत्यक्ष आक्रमणहरू भए। रासस

# चाडमा जिहादी आक्रमणमा करिब ४० सैनिकको मृत्यु

एएफपी । नाइजेरियाली सीमा नजिकै जिहादी समूह बोको हरामले चाडको सेनामाथि गरेको आक्रमणमा करिब ४० जनाको मृत्यु भएको सरकार र स्थानीय स्रोतहरूले सोमबार बताएका छन्।



दुई सयभन्दा बढी सैनिक रहेको एक गैरिसनमाथि बोको हरामका सदस्यहरूले आइतबार राति आक्रमण गरेको एक स्थानीय स्रोतले बतायो।

देशको पश्चिमी भागमा रहेको नगुबुआ नजिकै भएको आक्रमणमा दुःखद् रूपमा करिब ४० जनाको मृत्यु भएको राष्ट्रपति कार्यालयले वक्तव्यमार्फत बताएको छ।

चाडका राष्ट्रपति माहमत इद्रिस देबी इट्नोले सोमबार बिहान घटनास्थलको भ्रमण गर्नुभएको र 'आक्रमणकारीहरूलाई पछ्याउन र उनीहरूको सबैभन्दा टाढाको लुक्ने ठाउँसम्म खोज्न' अभियान सुरु गरेको वक्तव्यमा उल्लेख छ।

स्थानीय स्रोतहरूका अनुसार स्थानीय समयअनुसार राति १०:०० बजे आक्रमण भएको थियो। "बोको हरामका सदस्यहरूले गैरिसनलाई नियन्त्रण लिए, हतियार कब्जा गरे, भारी हतियारले सुसज्जित सवारी साधनहरू जलाए र त्यहाँबाट भागे", नाम उल्लेख नगर्ने शर्तमा एक स्थानीय स्रोतले बतायो।

विशाल जलराशि र दलदल भएको चाड तालको असङ्ख्य टापुहरू मुलुकको सेना र नागरिकहरूमाथि नियमित आक्रमण गर्ने बोको हराम र यसको शाखा इस्लामिक स्टेट इन वेस्ट अफ्रिका (आइएसडब्लुएपी) जस्ता जिहादी समूहहरूको लुक्ने ठाउँको रूपमा रहेका छन्।

बोको हरामले सन् २००९ मा नाइजेरियामा विद्रोह सुरु गरेको थियो।

विद्रोहमा ४० हजारभन्दा बढी मानिसको मृत्यु भयो र २० लाख विस्थापित भए। यो सङ्गठन त्यसपछि छिमेकी देशहरूमा फैलिएको छ।

सन् २०२० मार्चमा चाडको सेनाले तालको बोहोमा प्रायद्वीपमा भएको एक आक्रमणमा करिब एक सय सैनिक मारिँदा क्षेत्रमा एकै दिनमा सबैभन्दा ठूलो क्षति बेहोरेको थियो।

यो आक्रमणले तत्कालीन राष्ट्रपति इद्रिस देबी इट्नो (वर्तमान राष्ट्रपतिका पिता) लाई जिहाद विरोधी अभियान सुरु गर्न प्रेरित गरेको थियो।

जुनमा अन्तर्राष्ट्रिय आप्रवासन कार्यालय (आइओएम) ले चाड ताल प्रान्तमा सशस्त्र समूहका आक्रमणहरूबाट दुई लाख २० हजारभन्दा बढी मानिस विस्थापित भएको रेकर्ड गरेको थियो। रासस

# बङ्गलादेशका राष्ट्रपतिलाई अपदस्थ गर्न दबाब

एएफपी । गत अगस्टमा अपदस्थ पूर्वप्रधानमन्त्री शेख हसिनालाई हटाउन आन्दोलन गरेको समूहले



बङ्गलादेशका राष्ट्रपति मोहम्मद शहाबुद्दीनलाई राजीनामा दिन दबाब परेको स्थानीय सञ्चारमाध्यमहरूले सोमबार जनाएका छन्।

'छुप्पु' भनेर चिनिने ७४ वर्षीय शहाबुद्दीन सन् २०२३ मा अपदस्थ पूर्वप्रधानमन्त्री हसिनाको अवामी लिगको बहुमत रहेको संसद्बाट निर्वाचित हुनुभएको थियो।

यो पद संवैधानिक भएपनि उहाँको पदबाट हट्ने सम्भावनाले संवैधानिक शून्यताको डर पैदा गरेको छ।

"राष्ट्रपतिलाई हटाउनेबारे कुनै पनि निर्णय राजनीतिक सहमतिका आधारमा हुनेछ," हसिनाको भारत पलायनसँगै घोषणा भएको राजिनामापछि बनेको अन्तरिम सरकारका प्रेस सल्लाहकार शफिकुल आलमले सोमबार भन्नुभयो।

अन्तरिम सरकारको नेतृत्व नोबेल शान्ति पुरस्कार विजेता मोहम्मद युनुसले 'मुख्य सल्लाहकार'का रूपमा गरिरहनुभएको छ।

सरकारका प्रवक्ता सैयदा रिजवाना हसनले शहाबुद्दीनलाई हटाउने विषयमा छलफल भइरहेको बताउनुभएको छ।

हसनले आइतबार पत्रकारहरूसँग भन्नुभयो, "क्रान्तिपछि बनेको सरकारले फासीवादी सरकारले छानेको राष्ट्रपतिलाई कायम राख्ने कि नराख्ने भन्ने विषयमा विचार गर्नुपर्छ।"

"उहाँलाई हटाउनुपर्ने माग आन्दोलनको भावनासँग मेल नखाने दाबीका आधारमा आएको हो," उहाँले भन्नुभयो।

यसै महिनाको सुरुमा शहाबुद्दीनले हसिनाको राजीनामा पत्र आफूले कहिल्यै नदेखेको बताएपछि चर्को विरोध भएको थियो।

त्यसको केही समयपछि युनुसको सरकारमा कार्यरत विद्यार्थी नेता आसिफ नजरुलले उक्त टिप्पणी 'उहाँ (राष्ट्रपति) को शपथको उल्लङ्घन' भएको आरोप लगाउनुभएको थियो।

गत हप्ता राष्ट्रपति भवनपरिसरमा आक्रमण गर्न खोज्ने सयौंको भीडसँग प्रहरीबीच झडप हुँदा ३० जना अधिकारी र प्रदर्शनकारी घाइते भएका थिए। रासस

# सन् २०३० को लक्ष्यहासिल गर्न विश्वका देशहरुको योजना 'धेरै टाढा' : राष्ट्रसंघ

एएफपी। संयुक्त राष्ट्रसङ्घले सन् २०३० सम्ममा पृथ्वीको तापक्रम वृद्धिबाट हुने उत्सर्जनमा २.६ प्रतिशतले मात्र कमी आउने बताएको छ।




संयुक्त राष्ट्रसङ्घका जलवायु प्रमुख सिमोन स्टिएलले ग्लोबल वार्मिङलाई १.५ डिग्री सेल्सियसको सुरक्षित सीमासम्म सीमित गर्न यस दशकमा आवश्यक ४३ प्रतिशत कटौतीको नजिक विद्यमान प्रतिबद्धताले कहीँ पनि काम नगरेको बताउनुभएको छ।

स्टिएलले भन्नुभयो, "प्रतिवेदनको निष्कर्ष स्पष्ट छ तर आश्चर्यजनक छैन। हालको राष्ट्रिय जलवायु योजनाहरू विश्वव्यापी तापलाई हरेक अर्थव्यवस्थालाई समस्याग्रस्त बनाउन र अर्बौंको सङ्ख्यामा रहेको वैश्विक जीवन र जीविकोपार्जनलाई बर्बाद गर्नबाट रोक्न आवश्यकभन्दा हजारौँ माइल टाढा छन्।"

अजरबैजानमा संयुक्त राष्ट्रसङ्घको कोप-२९ जलवायु शिखर सम्मेलन सुरु हुनुभन्दा केही हप्ताअघि र सन् २०२५ को सुरुमा सदस्य राष्ट्रहरूले आफ्नो अद्यावधिक चरणको राष्ट्रिय जलवायु योजना प्रस्तुत गर्ने तयारी गरिरहेका बेला यो निष्कर्ष आएको हो।

स्टिएलले भन्नुभयो, "तापमान वृद्धिलाई बढावा दिने कार्बन डाइअक्साइड जस्ता हरितगृह ग्याँसहरूको उत्सर्जनलाई तत्काल कम गर्न 'साहसी' योजनाहरू प्रस्तुत गर्नुपर्दछ।"

विद्यमान प्रतिज्ञाअनुसार सन् २०३० सम्ममा ५१.५ अर्ब टन कार्बन डाइअक्साइड र त्यसको बराबर पृथ्वीलाई उष्ण बनाउने अन्य ग्याँसमा छोड्नेछ।

"यी स्तरहरूमा ग्रीनहाउस ग्याँस प्रदूषणले अपवाद बिना हरेक देशका लागि मानव र आर्थिक क्षतिको ग्यारेन्टी गर्नेछ," उहाँले भन्नुभयो।

यो प्रतिवेदन 'अर्को वर्ष हरेक देशबाट धेरै साहसी नयाँ राष्ट्रिय जलवायु योजनाहरूको साथ अपर्याप्तताको युगको अन्त्य गर्दै अघि बढ्नुपर्छ," उहाँले थप्नुभयो।

संयुक्त राष्ट्रसङ्घीय वातावरण कार्यक्रम (युएनईपी) ले पनि बिहीबार सदस्य राष्ट्रहरूले के प्रतिज्ञा गरेका छन् र के हासिल गर्नैपर्छ भन्ने बीच खाडल सिर्जना हुने चेतावनी दिएको छ।

सन् २०१५ मा करिब २०० राष्ट्रले हस्ताक्षर गरेको पेरिस सम्झौतामा विश्वव्यापी तापमान वृद्धिलाई पूर्व औद्योगिक स्तरको तुलनामा २ डिग्री सेल्सियसभन्दा तल राख्ने र सम्भव भएमा १.५ डिग्री सेल्सियसको सुरक्षित सीमा कायम राख्ने प्रतिबद्धता व्यक्त गरिएको थियो।

संयुक्त राष्ट्रसङ्घले गठन गरेको विज्ञका अनुसार तापक्रम वृद्धिलाई १.५ डिग्री सेल्सियससम्म नियन्त्रण गर्ने ५० प्रतिशत सम्भावना हासिल गर्न सन् २०१९ को तुलनामा सन् २०३० सम्ममा विश्वव्यापी उत्सर्जन४३ प्रतिशतले घट्नुपर्छ। रासस

# विवादित भिडियो सार्वजनिक भएपछि बेलायती लेबर पार्टीका सांसद निलम्बित

एएफपी। बेलायतको सत्तारूढ लेबर पार्टीले विवादित भिडियो सार्वजनिक भएपछि आफ्ना एक सांसदलाई निलम्बन गरेको छ। भिडियो फुटेजमा सांसदले एक व्यक्तिलाई मुक्का हानी आक्रमण गरेको देखाइएको थियो।




मेल अनलाइनले हिंसात्मक घटनाको भिडियो प्रकाशित गरेपछि सांसद माइक एमेसबरीलाई 'अनुसन्धानका लागि' निलम्बन गरिएको पार्टीले जनाएको छ। विवादमा तानिएका सांसदले उत्तरपश्चिम इङ्ल्यान्डको संसदीय सिटको प्रतिनिधित्व गरिरहेको पार्टीले जनाएको छ। शनिबार बिहान भएको घटनाको सम्बन्धमा सावधानीका साथ विवादित सांसदसँग स्वतन्त्र रूपमा सोधपुछ गरिएको प्रहरीले पुष्टि गरेको छ।


चेशायर प्रहरीले फ्रडसाम सहरमा भएको आक्रमणको रिपोर्टमा अधिकारीहरूलाई बोलाइ 'थप सोधपुछ' जारी रहेको जनाएको छ।

जुलाईमा बेलायतमा सत्तामा गएको लेबर पार्टीका प्रवक्ताले सांसद माइक एमेसबरीले घटनापछि चेशायर प्रहरीलाई सोधपुछमा सहयोग गर्दै आएको जनाउनु भएको छ। उहाँका अनुसार हाल सोधपुछ चलिरहेकाले लेबर पार्टीले प्रशासनिक रूपमा एमेसबरीको लेबर पार्टीको सदस्यता निलम्बन गरेको हो।"

एमेसबरीले बयानमा सोधपुछमा सहयोग गर्दै समुदायका लागि खुला र पहुँच योग्य सांसद रहन कटिबद्ध रहने बताउँदै साथीहरूसँग साँझमा बाहिर निस्किँदा सडकमा खतरा महसुस गरेपछि उक्त घटना भएको उल्लेख गर्नुभएको छ। रासस

# व्यापारिक सम्बन्ध बिस्तारका लागि स्पेनी प्रधानमन्त्री सान्चेज भारतमा

एएफपी। स्पेनका प्रधानमन्त्री पेड्रो सान्चेजलाई सोमबार भारतीय समकक्षी नरेन्द्र मोदीले भारतमा स्वागत गर्नुभएको छ।



यसअघि स्पेनी प्रधानमन्त्रीका रूपमा होजे लुइस रोद्रिगेज झपातेरोले भारत भ्रमण गर्नुभएको थियो भने प्रधानमन्त्री साञ्चेजले १८ बर्षपछि स्पेनी प्रधानमन्त्रीको रूपमा भारत भ्रमण गर्नुभएको छ।

भारतको रक्षा मन्त्रालयले सन् २०२१ मा एयरबस डिफेन्स एन्ड स्पेसबाट ५६ कार्गो र सेनाको लागि सी २९५ विमानका लागि २.५ अर्ब डलरको सम्झौता गरेको थियो।

गुजरात राज्यको वडोदरामा टाटा एडभान्स सिस्टम्स र एयरबसको सहकार्यमा निर्माण गरिएको सैन्य विमान कारखानाको उद्घाटन गर्न जाँदै गर्दा सुन्तला रङ्गको सयपत्री फुलको मालाले सजिएको गाडीबाट स्वागतका लागि सडक किनारामा उभिएका भारतीयको आथित्यतालाई दुवै देशका नेताले हात हल्लाएर स्वीकारेका थिए।

स्पेनको सेभिलमा १६ वटा विमानको निर्माण (एसेम्बल) गरिने बताइएकामा पहिलो विमानको डेलिभरी गत वर्ष गरिएको थियो भने बाँकी ४० वटा विमान भारतमा निर्माण हुनेछन्।

वडोदरामा रहेको भारतीय विमान निर्माण प्लान्टले सन् २०२६ मा पहिलो 'मेड इन इन्डिया' सी२९५ विमान निर्माण सम्पन्न गर्नेछ।

"यो कारखानाले भारत-स्पेन सम्बन्धलाई मात्र बलियो बनाउने छैन, 'मेक इन इन्डिया एन्ड मेड फर द वर्ल्ड' मिसनलाई पनि मजबुत बनाउनेछ," मोदीले भन्नुभयो।

यसले विश्वव्यापी एयरोस्पेस उत्पादनमा एक विश्वसनीय साझेदारको रूपमा भारतको स्थितिलाई पनि बलियो बनाउने उहाको दावी रहेको छ।

सान्चेजले एयरबसले भारतको रक्षा र अन्तरिक्ष उद्योगमा नयाँ अध्याय कोरेको बताउनुभयो।

"यो परियोजनाले हाम्रो औद्योगिक सम्बन्धलाई मजबुत बनाउँछ र भरपर्दो र रणनीतिक साझेदारको रूपमा हाम्रो देशको गहिरो प्रतिबद्धतालाई अन्तर्निहित गर्दछ," साञ्चेजले भन्नुभयो। यसले स्पेनी रक्षा उद्योगको क्षमता पनि देखाउँछ।

भारतले सन् २०२३ मा ९.९ अर्ब अमेरिकी डलर को व्यापार गरेकोमा ७.१७ अर्ब डलरको निर्यात गरेको छ भने २.७४ अर्ब डलरको आयात गरेको छ।

स्पेन, भारतमा २८० भन्दा बढी स्पेनी कम्पनीसहित १६ औँ ठूलो विदेशी लगानीकर्ता हो र स्पेनले निर्माण, फार्मेसी, ऊर्जा, साथै रेलवे उद्योगमा पनि भारतमा लगानी बढाउन उत्सुक रहेको छ।

स्पेनको जहाज निर्माण कम्पनी नाभान्टियाका अधिकारीहरू पनडुब्बीसहित सम्भावित सम्झौताहरूको लागि भारत भ्रमणमा साञ्चेजको भ्रमण दलमा सहभागी रहेका छन्।


मोदीले सन् २०१७ मा स्पेनको भ्रमण गर्नुभएको थियो भनेसन् २०१८ र २०२१ मा जी-२० शिखर सम्मेलनमा सान्चेजसँग वार्ता गर्नुभएको थियो।

गत महिना चीनको भ्रमण गरेका सान्चेज एसियामा बेइजिङ र नयाँदिल्ली दुवैसँगको सम्बन्धलाई मजबुत बनाउन चाहनुहुन्छ।

स्पेनी प्रधानमन्त्री साञ्चेजले मङ्गलबार भारतको आर्थिक राजधानी भनेर चिनिने मुम्बईको भ्रमण गर्ने कार्यक्रम रहेको छ।रासस

# फिलिपिन्समा आँधीका कारण मृत्यु हुनेको संख्या ११६ पुग्यो, ३९ अझै बेपत्ता

एएफपी । गत हप्ता फिलिपिन्समा आएको ट्रामी नाम दिइएको आँधीले निम्त्याएको बाढी तथा पहिरोमा परी मृत्यु हुनेको सङ्ख्या ११६ जना पुगेको छ। आँधीका कारण ३९ जना अझै बेपत्ता रहेको फिलिपिन्सको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन परिषद्ले सोमबार जनाएको छ।



स्थानीय अधिकारीहरूका अनुसार ट्रामीले फिलिपिन्सका १७ वटा क्षेत्रमा ६७ लाखभन्दा बढी मानिसहरूलाई प्रभावित बनाएको छभने अझै बाढी पहिरोका प्रभावितहरूको खोजी कार्य जारी रहेको छ।

यस वर्ष फिलिपिन्समा आएका चक्रवातमध्ये ट्रामी ११ औं चक्रवात हो र यसले विशेष गरी बिकोल, क्यालाबारजोन र मध्य तथा दक्षिणी फिलिपिन्सका क्षेत्रहरूमा तुलनात्मक रुपमा बढी क्षति गरेको भएपनि फिलिपिन्सभरि प्रभाव पारेको थियो।

आँधीसँगै आएको बाढीले राजमार्ग , पुललगायतका संरचना ध्वस्त पारी यातायात अवरुद्ध भएको छ।

शुक्रबार ट्रमी फिलिपिन्सबाट बाहिरिए पनि पीडितहरू अझै खाना, पानीलगायतका आधारभुत आवश्यकता आपुर्तिको पर्खाइमा रहेका छन्।

शनिबारदेखि बाढीपहिरोको प्रवाव कम भएपछि केही पीडितहरू आफ्नो घर फर्कन थालेका छन्।

यद्यपि, परिषद्ले करिब दश लाख विस्थापितहरू अझै पनि निकासी केन्द्रमा वा आफन्तहरूसँग बसिरहेको जनाएको छ।

चक्रवात ट्रामीले पूर्वाधारमा अनुमानित क्षति २६.३५ मिलियन अमेरिकी डलर तथा कृषिमा ४३ मिलियन अमेरिकी डलर बराबरको क्षति पुगेको जनाइएको छ।रासस

# एमाले पार्टी कार्यालय निर्माण कार्य तत्काल नगर्न आदेश

काठमाण्डु । सर्वोच्च अदालतले नेकपा (एमाले) ले पार्टी कार्यालय निर्माण गर्न जग्गा दान लिई हक हस्तान्तरणलगायत काम कारबाही नगर्न अल्पकालीन अन्तरिम आदेश गरेको छ ।

न्यायाधीश सुनिलकुमार पोखरेलको एकल इजलासले आज एमाले पार्टी कार्यालयल निर्माण गर्न व्यवसायी मीनबहादुर गुरुङले दानमा दिएको जग्गा लिएर काम कारबाही नगर्न अल्पकालीन अन्तरिम आदेश जारी गरेको हो ।

आदेशमा भनिएको छ, “सुविधा सन्तुलनको दृष्टिले अन्तरिम आदेशको छलफलबाट टुङ्गो नलागुन्जेलसम्म निवेदन दाबी बमोजिम विपक्षीहरूबीच निवेदनमा उल्लेखित मिति २०८१ आसोज २५ मा दान लिएको भनिएको १० रोपनी १४ आना जग्गा दान लिइ हक हस्तान्तरणलगायत काम कारबाही नगर्नु नगराउनु ।”



आदेशमा राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा ३८ (३) र ३८ (६) को व्यवस्था अनुकूल नदेखिनुका साथै सोही ऐनको दफा ३८(५) मा भएको आर्थिक सहयोग प्रदान गर्दा दलबाट कुनै आर्थिक वा व्यक्तिगत फाइदा लिने सर्त गरी प्रदान गर्न र त्यस्तो फाइदा दिने गरी दलले सहयोग प्राप्त गर्न हुँदैन भन्ने कानुनी व्यवस्था तथा सत्तामा रहेको दललाई फाइदा हुने, पारदर्शिता नहुने, निर्वाचन लगायत प्रक्रियाहरू प्रभावित हुने उल्लेख छ।

व्यवसायी गुरुङले एमालेलाई जग्गा दान दिने निर्णय बदर गर्न माग गर्दै अधिवक्ता डा. ज्ञानबहादुर बस्नेतले दायर गरेको रिट निवेदनको प्रारम्भिक सुनुवाइपछि अदालतले उक्त आदेश गरेको हो । अदालतले यही कात्तिक २६ गते दुवै पक्षलाई छलफलका लागि बोलाएको छ।

गुरुङले एमालेको केन्द्रीय कार्यालय बनाउन गत असोज २५ गते काठमाडौँको कीर्तिपुर नगरपालिका-२, मैत्रीनगरमा रहेको १० रोपनी १४ आना जग्गा दान गरेको घोषणा गरिएको थियो। प्रधानमन्त्री केपी शर्मा ओलीको दम्पत्ति र जग्गादाता गुरुङ दम्पतीले संयुक्त रूपमा एमाले मुख्यालय भवनको शिलान्यास समेत गरिसक्नुभएको थियो । अदालतको आदेशसँगै एमालेको पार्टी कार्यालय निर्माणको काम तत्कालका लागि रोकिएको छ । रासस

# पुँजीगत खर्च बढाउन र बेरुजु फर्छ्योट गर्न सञ्चार मन्त्रीको निर्देशन

काठमाण्डु । सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङले मन्त्रालय र मातहतका निकायहरूलाई पुँजीगत खर्च बढाउन र बेरुजु घटाउन निर्देशन दिनुभएको छ।

मन्त्रालयमा आज आयोजित आर्थिक वर्ष २०८१/८२ को प्रथम त्रैमासिक समीक्षा तथा मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति (एमड्याक) बैठकमा उहाँले भन्नुभयो, “पुँजीगत खर्च बढाउनुपर्छ । मन्त्रालयको ५० प्रतिशत पनि कट्न नसक्नु राम्रो हैन।”

मातहतका कार्यालयमा रहेको बेरुजु घटाउन दिर्नेशन दिँदै सरकारका प्रवक्ता समेत रहनुभएका मन्त्री गुरुङले भन्नुभयो, “जहाँ सुशासन र पारदर्शिता हुँदैन, त्यहाँ सेटिङ हुन्छ, नीतिगत भ्रष्टाचार हुन्छ, त्यहाँ बेरुजु अत्यधिक हुन्छ।

आगामी बैठकमा आउँदा बेरुजु फर्छ्योटको स्थितिमा सुधार गर्नुहोस्।”



चालु आव २०८१/८२ को प्रथम त्रैमासिक अवधिमा मन्त्रालयअन्तर्गत रु एक अर्ब ६४ करोड ९८ लाख बजेटमा ५१ दशमलव ९३ प्रतिशत खर्च भएको छ । यस अवधिमा ४१ दशमलव ६ प्रतिशत पुँजीगत खर्च र चालुतर्फ ५२ दशमलव ९२ प्रतिशत खर्च भएको छ।

मन्त्रालयको प्रमुख छ वटा कार्य क्षेत्रका १९ निकायहरूमार्फत भएका कामका सम्बन्धमा बसेको बैठकमा मन्त्री गुरुङले कर्मचारीलाई परम्परागत कार्यशैली परिवर्तन गर्न सुझाव दिनुभयो।

“सबै काम पारदर्शी हुनुपर्छ । अनेक बहानाबाजी गरेर काम अड्काउनु हुँदैन। कर्मचारीतन्त्रमा भएका समस्या अब सुधार हुनुपर्छ, नयाँ ढङ्गले काम गरौँ”, उहाँले भन्नुभयो।

सामान्य प्रशासन तथा सङ्घीय मामिला मन्त्रालयको ध्यानाकर्षण गराउँदै मन्त्री गुरुङले कार्यसम्पादन सम्झौता कार्यान्वयनमा जोड दिनुभयो । उहाँले कर्मचारीलाई कम्तीमा एक वर्षसम्म तोकिएको कार्यक्षेत्रबाट सरुवा नगर्न र नगराउन आग्रह गर्नुभयो।

छोटोछोटो समयमा सरुवा गर्ने प्रवृतिले गर्दा कार्यसम्पादनमा प्रभाव पर्नेतर्फ सचेत गराउनुभयो। उहाँले अन्तरमन्त्रालयबीच समन्वय, सहकार्य र सहयोग आवश्यकता औँल्याउँदै विकास समस्या समाधान गर्नुपर्नेमा जोड दिनुभयो।

बैठकमा चालु आवको प्रथम त्रैमासिकसम्मको प्रगति विवतरणअनुसार कार्यान्वयन गर्नुपर्ने ३४ वटा ‘माइलस्टोन’ मध्ये २१ वटाको कार्य सम्पन्न भएको छ। काम हुन नसकेका ‘माइलस्टोन’ १० वटा छन् भने सम्पन्न हुने प्रक्रियामा रहेका तीन वटा रहेका छन्।


बैठकमा राष्ट्रिय योजना आयोगका सदस्य डा प्रकाशकुमार श्रेष्ठले समस्या र सहजीकरणका विषयमा आयोग सहयोग र सहकार्य गर्न तत्पर रहेको बताउनुभयो।

सचिव राधिका अर्यालले पुँजीगत खर्च बढाउनुको विकल्प नभएको बताउनुभयो । उहाँले मन्त्रालयको ‘माइलस्टोन’ मा राम्रो प्रगति भएको बताउनुभयो। उहाँले आगामी बैठकमा उपलब्धि र प्रभावलाई आलोचनात्मक समीक्षाका हुनुपर्ने रायसमेत राख्नुभयो। रासस

# कालीगण्डकीमा पक्की पुल निर्माण

पर्वत, १२ कात्तिक : पर्वत र गुल्मी जिल्ला जोड्न कालीगण्डकीमाथि पक्की पुल निर्माण गरिएको छ । पर्वतको विहादी गाउँपालिका-३ रानीपानीको इमिचौरदेखि गुल्मीको कालीगण्डकी गाउँपालिका-४ पूर्तिघाट जोड्ने गरी कालीगण्डकी नदीमा पुल निर्माण गरिएको हो।

तीन वर्षमा सम्पन्न गर्नेगरी २०७३ भदौमा रु १४ करोड ६७ लाखमा पुल बनाउन सम्झौता भएको थियो । सम्झौता अनुसार निर्माण व्यवसायीले २०७६ चैतसम्म कार्यसम्पन्न गरी हस्तान्तरण गर्नुपर्ने थियो । विविध कारणले आठ वर्षपछि मात्र पुल निर्माण सम्पन्न भएको हो। पुल निर्माणको जिम्मा पाएको एलिट कन्स्ट्रक्सन प्रालि काठमाडौँका साइड इन्चार्ज अच्युत लम्सालले कोरोना सङ्क्रमण, निर्माण सामग्री अभाव तथा



सरकारबाट रकम भुक्तानीमा भएको ढिलाइ लगायतका कारणले पुल निर्माण समयमै सम्पन्न हुन नसकेको बताउनुभयो।

पुल निर्माणका लागि तत्कालीन तम्घास सिमलटारी प्यूठान सडक आयोजना गुल्मी र एलिट कन्ट्रक्सन प्रालि काठमाडौँबीच सम्झौता भए पनि बीचमा उक्त कार्यालय नै खारेज भएका कारण पुल निर्माण कार्य लम्बिएको थियो । विसं २०७९ मा सडक डिभिजन कार्यालय पाल्पामार्फत् कार्यान्वय हुने गरी दायित्व हस्तान्तरण भएपछि पुल निर्माणले गति लिएको थियो। सडक डिभिजन कार्यालय पाल्पाका सूचना अधिकारी दुर्गा गौतमले लामो समयपछि पुल निर्माण सम्पन्न भई सञ्चालनमा आएको बताउनुभयो । पुल निर्माण भएपछि पर्वत र गुल्मीका नागरिकको यात्रा सहज बनेको छ । पुल निर्मासँगै उत्तरदक्षिण जोड्ने कालीगण्डकी करिडोर र पर्वत खण्डतर्फको कालीगण्डकी लोकमार्ग समेत जोडिएका छन्।

पुल सम्पन्न भए पनि निर्माण व्यवसायीले काम गरेको रकम लिन बाँकी रहेको छ । निर्माण व्यवसायीका साइड इन्चार्ज अच्युत लम्सालले कार्यालयवाट रु चार करोड भुक्तानी लिन नसक्दा समस्या परेको बताउनुभयो। सडक डिभिजन कार्यालय पाल्पाका सूचना अधिकारी दुर्गा गौतमका अनुसार रकम अभावका कारण भुक्तानी दिन नसकिएको बताउनुभयो । बजेटका लागि विभागमा माग गरिएको र बजेट आउनासाथ भुक्तान गरिने उहाँको भनाइ छ।

# विश्व लगानीकर्ताको साक्षरता कार्यक्रम सम्पन्न

**टुडे समाचारदाता**

काठमाण्डु । गरिमा क्यापिटल लिमिटेड(न्ऋी)ले विश्व लगानीकर्ता सप्ताह २०२४ को अभियान अन्तर्गत १ दिने पूँजी बजार साक्षरता कार्यक्रम तथा विभिन्न अन्तरक्रिया कार्यक्रमहरु सम्पन्न गरेको छ।

यस कार्यक्रम अन्तर्गत आइतबार नवलपरासी (ब.सु.पू) जिल्ला देवचुली न.पा. वडा नं. ५ र १५ का लगानीकर्ता तथा सर्वसाधारणहरुलाई पूँजी बजारबारे सूचित गराउने उद्देश्यले सकला देवी माध्यमिक विद्यालय र जनज्योति आदर्श बहुमुखी क्याम्पसमा १ दिने पूँजी बजार साक्षरता




कार्यक्रम आयोजना गरिएको थियो । उक्त कार्यक्रम सर्वोदय (समावेशी अक्षर र अनुसन्धान) का सचिव ठाकुर प्रसाद शर्माले संचालन गरेका थिए भने कार्यक्रमको प्रमुख वक्ताका रुपमा गरिमा क्यापिटलका प्रमुख व्यापार अधिकृत तुल्सी प्रसाद आचार्य तथा व्यापार प्रवर्द्धन विभाग प्रमुख दिपक न्यौपाने रहेका थिए।

सोही कार्यक्रममा देवचुली नगरपालिकाका नगर प्रमुख हरि प्रसाद न्यौपाने र सर्वोदय (समावेशी अक्षर र अनुसन्धान)का अध्यक्ष युवराज वाग्लेको उपस्थिति रहेको थियो।

विश्व लगानीकर्ता सप्ताह (२०२४) एक हप्ते लामो आई.ओ.एस सिओद्वारा प्रवर्द्धन गरिएको विश्व व्यापी अभियान हो । यसले लगानीकर्ताहरुलाई पूँजी बजारसँग सम्बन्धी जानकारीहरु तथा महत्वको बारेमा चेतना जगाउने कार्य गर्दछ।


## प्रभु बैंक लिमिटेड शाखा कार्यालय मलंगवा, सर्लाहीका तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको १५ दिने सार्वजनिक सूचना

**(सूचना प्रकाशित मिति २०८१/०७/१३ गते मंगलबारको जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिका)**

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले लिनुभएको कर्जा रकम चुक्ता भुक्तान गर्ने मिति समाप्त भईसक्दा पनि बैंकसँग गर्नुभएको सम्झौता बमोजिम कर्जा चुक्ता फछ्र्यौट नगर्नु भएको र यस बैंकबाट पटक-पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता फछ्र्यौट गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुनाले बैंकले कर्जा असुलीका लागि मिति २०८०/१०/१२ गते शुक्रबारको **जनकपुर टुडे** राष्ट्रिय दैनिक पत्रिकामा ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम ऋणीले कर्जा चुक्ता नगरेको तथा धितो लिलाम विक्री हुन नसकेकाले कर्जा असुलीका लागि कर्जा सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति के कति दर भाउ र मुल्यमा खरिद गरी लिने हो सो व्यहोरा खुलाई यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र गोप्य शिलबन्दी बोलपत्र बैंकको **शाखा कार्यालय मलंगवा, सर्लाही**मा दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले १६ औं दिन अर्थात मिति २०८१/०७/२८ गते **बुधबार** (सो दिन सार्वजनिक विदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) **बैंकको शाखा कार्यालय मलंगवा, सर्लाहीमा** दिनको ठीक ३:०० (तीन) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, ईच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ । प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाई स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ । पुनश्चः यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र उक्त बांकी सम्पूर्ण कर्जाको साँवा ब्याज तथा हर्जाना लगायतका अन्य दै दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता फछ्र्यौट गर्न गराउनको लागि सम्वन्धित ऋणी, धितो सुरक्षण धनी तथा जमानतकर्ता समेतलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराउन सकिने व्यहोरा जानकारी गराउँदै कर्जाको सूरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लिखित अचल जायजेथा जे जस्तो अवस्थामा छ । सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने र कुनै कारणवश तपसिलमा उल्लिखित जायजेथा लिलाम बिक्री नभएमा सो जायजेथा अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा नियमानुसार बैंकले आफ्नो नाममा सकार गरी लिन सक्ने तथा उक्त जायजेथाबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराइन्छ ।

**तपसिल**

**क. ऋणी तथा जमानतकर्ताको विवरण :**

**ऋणी :** प्रदेश सरकार (प्रदेश नं. २) उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण, निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय मलंगवा, सर्लाहीमा औद्योगिक व्यवसाय ऐन २०७६ तथा औद्योगिक व्यवसाय नियमावली२०७६ बमोजिम मिति २०७६/०८/३० गते प्रा.फ.र.नं. ८२६७/०७६/०७७ मा दर्ता कायम भई नेपाल सरकार अर्थ मन्त्रालय आन्तरिक राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय जनकपुर धनुषा करदाता सेवा कार्यालय मलङग्वा सर्लाहीबाट मिति २०७६/०९/०१ मा करदताको नाम लक्ष्मी कान्त साह कारोवारको नाम न्यु जनता ग्यारेज एण्ड वास सेन्टर भई स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६१३६८७१२२ को प्रमाणपत्र प्राप्त **न्यु जनता ग्यारेज एण्ड वास सेन्टर । फर्मको ठेगाना :** जिल्ला सर्लाही मलगवा न.पा वडा नं. ९ ।

| | |
|---|---|
| **प्रोप्राइटर तथा जमानतकर्ताः लक्ष्मी कान्त साह**<br>(ना.प्र.नं. १९३०३१/१५६४ जारी मिति २०६३/१२/३०, जारी गर्ने कार्यालय जि.प्र.का. सर्लाही)<br>ठेगाना : सर्लाही जिल्ला मलंगवा न.पा.वडा नं. ९<br>हाल :सर्लाही जिल्ला मलंगवा न.पा.वडा नं. ९<br>बाबु: दशरथ साह सोनार । बाजे : वैदेही साह सोनार । | **जमानतकर्ताः ललिता देवी सोनार**<br>(ना.प्र.नं १९३०३१/१५३५ जारी मिति २०६३/१२/२९, जारी गर्ने कार्यालय जि.प्र.का.सर्लाही) ।<br>ठेगाना : सर्लाही जिल्ला मलंगवा न.पा.वडा नं. ९<br>हाल :सर्लाही जिल्ला मलंगवा न.पा.वडा नं. ९<br>बाबु: रुपचन साह सोनार । पति/ससुरा : दशरथ साह सोनार/वैदेही साह । |
| **जमानतकर्ताः फुलो साह**<br>(ना.प्र.नं.१९-०१-७६-११९९१ जारी मिति २०७६/१०/१३, जारी गर्ने कार्यालय जि.प्र.का. सर्लाही) ।<br>ठेगाना : सर्लाही जिल्ला मलंगवा न.पा. वडा नं. ९<br>हाल :सर्लाही जिल्ला मलंगवा न.पा.वडा नं. ९<br>बाबु: नन्द किशोर साह । पति/ससुरा : लक्ष्मी कान्त साह/ दशरथ साह सोनार । | **जमानतकर्ता : दशरथ साह सोनार**<br>(ना.प्र.नं. १९३०३१/२५०, जारी मिति २०६३/१२/२७ जारी गर्ने कार्यालय जि.प्र.का. सर्लाही) ।<br>ठेगाना : सर्लाही जिल्ला मलंगवा न.पा.वडा नं. ९ ।<br>हाल :सर्लाही जिल्ला मलंगवा न.पा.वडा नं. ९ ।<br>बाबु: वैदेही साह । बाजे : सुबा साह |

**धितो सम्पत्तिको विवरण :**

१. लक्ष्मी कान्त साहको नाममा मालपोत कार्यालय मलगँवा, सर्लाहीमा दर्ता श्रेष्ता कायम रहेको सर्लाही जिल्ला बिष्णुपुर गा.वि.स. वडा नं. ८ नक्सा सिट नं. ८क कित्ता नं. १३५१ को क्षेत्रफल ०–०–१०–० (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत.... १

२. ऋणी न्यू जनता ग्यारेज एण्ड वास सेन्टरको स्वामित्वमा रहेको चालु सम्पत्तिहरु उपर हाइपोथिकेसन सुरक्षण ..........................................१

**पुनश्च :**

१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालय, मलंगवा, सर्लाही**बाट समेत प्राप्त गर्न सकिनेछ ।

२. सम्पत्ति दाखेलखारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायत सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ ।

३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र शाखा कार्यालय मलंगवा, सर्लाहीमा** सम्पर्क राख्न सकिनेछ ।


PRABHU BANK

**प्रभु बैंक लिमिटेड**
प्रधान कार्यालयः बबरमहल, काठमाडौं, नेपाल
फोन नं. ०१-५७१५०००


# टीभीएसद्वारा टीभीएस महा-एक्सचेन्ज मेला २०२४ का विजेता घोषणा

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपालमा दुईपांग्रे सवारी साधनको क्षेत्रमा अग्रणी ब्रान्ड टीभीएसले “टीभीएस महा एक्सचेन्ज मेला २०२४“ का विजेताहरूको घोषणा गरेको छ । महा एक्सचेन्ज मेला, जनकपुर नयाँ ग्राहकहरूलाई लक्षित गर्दै विशेष छुट र आकर्षक पुरस्कारहरूको ब्यवस्था गरेको जनाएको छ। सो मेला अवधिभर टीभीएसका बाइक तथा स्कुटर खरिद गर्ने ग्राहकहरूबाट लक्की ड्र मार्फत विजेताहरूको छनोट गरिएको छ। यस महा एक्स्चेन्ज



बाह्रबिघामा आयोजना गरिएको छ। मेलामा ग्राहकहरूको उत्साहपूर्ण सहभागिताका रहेको जनकपुरधामको आधिकारिक विक्रेता आर्यन अटोमोबाइल्सका संचालक संजिव महतोले जानकारी दिए।

टीभीएसले सो मेला मार्फत दशैं उत्सवलाई अझ उल्लासमय बनाउन टीभीएसका मेला अन्तर्गत, ग्राहकहरुले नगद पुरस्कार, क्याशब्याक, र प्री-पर्चेज बोनस जस्ता विविध पुरस्कारहरु जित्ने अवसर प्राप्त गरेको छ।

आइतबार यसै महा एक्सचेन्ज मेलामा सो बाइक खरिद गर्नु अघि नै पाँच हजार र खरिद गरेपछि एक लाख रुपैयाँ मनोज चौधरीले पाएका थिए।

# सिटिजन्स बैंकको वार्षिक साधारण सभा सम्पन्न

**टुडे समाचारदाता**

काठमाण्डु । सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको १८औं वार्षिक साधारण सभा सम्पन्न भएको छ। सञ्चालक समितिका अध्यक्ष प्रवलजंग पाण्डेको अध्यक्षतमा साधारण सभा सम्पन्न भएको छ।

साधारणसभाबाट आ.व. २०८०/८१ को संचालक समितिको वार्षिक प्रतिवेदन पारित गरिएको छ। लेखापरीक्षण प्रतिवेदनसहित २०८१ असार मसान्तको एनएफआरएसबमोजिम तयार गरिएको वासलात, ८०/८१ गरिएको बैंकले जनाएको छ।

सभाका अध्यक्षले शेयरधनीहरूबाट प्राप्त सुझावअनुसार बैंकको काम कारवाही संचालन गर्ने र भविष्यमा बैंकले अझबढी प्रगति हाँसिल गर्न सक्ने विश्वास सभालाई गराए। साथै संस्थागत सुशासन तथा अनुपालना (ऋयचउयचबतभ न्यखभचलबलअभ बलम ऋयकउष्बिलअभ) को स्तरलाई उच्चतम राख्ने विषयमा बैंकले सदैव महत्व दिँदै आएको र आगामी दिनमा समग्र बैंकको संस्थागत सुशासन तथा अनुपालनाको




को नाफा नोक्सानको हिसाब तथा नगद प्रवाह विवरण लगायतका एकीकृत (ऋयलकयष्मिबतभम) वित्तीय विवरण पनि स्वीकृत गरिएको बैंकले जनाएको छ।

साधारण सभाले गत आर्थिक वर्ष २०८०/८१ को वितरण योग्य मुनाफाबाट २०८१ असार मसान्तको चुक्तापुँजी १४,२००,९७४,००६/- को ४ प्रतिशतले हुने ५६,८०,३८,९६०/२३ बोनस शेयर र कर प्रयोजनको लागि नगद लाभांश ०.२१ प्रतिशतले हुने २,९८,९६,७८७/३८ सहित जम्मा ५९,७९,३५,७४७/६१ लाभांश दिने प्रस्ताव सर्वसम्मतिबाट पारित अवस्थालाई थप सवल तथा सुदृढ बनाउँदै जानेतर्फ बैंक प्रतिवद्ध रहेको जानकारी गराए।

शेयरधनी तथा बैंकसँग सम्बन्धित सम्पूर्ण सरोकार पक्षको सहयोगप्रति उनले धन्यवादसँगै आगामी दिनमा सहयोगको निरन्तरताको विश्वास व्यक्त गरे।

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले देशैभरी ६० जिल्लामा फैलिएका आफ्ना १९७ वटा शाखा, १६२ वटा ए.टि.एम., ३ विस्तारित काउन्टर र ७४ वटा शाखा रहित बैंकिङ्ग ईकाइहरुबाट १८ लाख भन्दा बढी ग्राहकवर्गलाई आधुनिक बैंकिङ्ग सेवाहरु प्रदान गर्दै आएको छ।

# केही महिनामै सबै स्थानीय तहमा कर्मचारी पठाइसक्छौँ

**टुडे समाचारदाता**

काठमाण्डु । संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री राजकुमार गुप्ताले आगामी केही महिनाभित्रै सम्पूर्ण स्थानीय तहहरूमा कर्मचारी पठाइसक्ने बताएका छन् ।



अधिकांश स्थानीय तहहरूमा कर्मचारी व्यवस्थापन गरिसकेको र बाँकी रहेका केही ठाउँमा पनि अब चाँडै कर्मचारी व्यवस्थापन हुने उनले बताएका छन् । आफू मन्त्रालय आउँदा पूरै खाली रहेको जिल्ला समन्वय समितिमा आवश्यक कर्मचारी र ५७ वटा जिल्लामा प्राविधिक जनशक्ति (इन्जिनियर) समेत पठाइसकेको जानकारी उनले दिए। केही खाली रहेका नगर/गाउँपालिकाहरूमा पनि अब चाँडै कर्मचारी व्यवस्थापन गरिने उनले बताए।

करिब एक दशकदेखि एकै ठाउँमा रहेर काम गरिरहेका एक हजार २५८ जना कर्मचारी र अन्य कर्मचारीहरूलाई विभिन्न ठाउँमा सरुवा गरेर मन्त्रालयले प्रशासनिक क्षेत्रको कामलाई व्यवस्थित र चुस्तदुरुस्त बनाउने प्रयत्न गरेको मन्त्री गुप्ताले बताए। 'नौ/नौ/दश/दश वर्षदेखि एकै ठाउँमा रहेर काम गरिरहनुभएका एक हजार २५८ जना कर्मचारीलाई एकैदिन सरुवा गरी विभिन्न ठाउँमा पठाएका छौँ,' मन्त्री गुप्ताले भने, 'हामी राम्रो तालमेल मिलाएर काम गरिरहेका छौँ । भर्खरै आउनुभएका ३८औँ ब्याचका अफिसर/अधिकृतहरूलाई पनि पालिकामै पठाएका छौँ ।' पालिकाहरूमा कर्मचारी छैनन् र निमित्तको भरमा चलिरहेका छन् भन्ने दिनको अन्त्य गर्न आफूले भरपुर पहलकदमी लिइरहेको उनले बताए।

कर्मचारी सरुवासम्बन्धी नियमावली मन्त्रालयबाट पारित गरी आवश्यक राय-सुझावका लागि कानुन मन्त्रालय पठाइएको जानकारी पनि उनले दिए । सो मन्त्रालय सम्हालेको तीन महिनाको अवधिमा संघीय निजामती विधेयकमाथिको छलफलले तीव्रता पाएको र आगामी संसद् अधिवेशनबाट सो विधेयक पारित गराउने विश्वास पनि उनले व्यक्त गरे । एक सय दिनको अवधि मन्त्रालयका गतिविधि बुझ्न, आवश्यक ब्रिफिङहरू लिन र विभिन्न प्रकृतिका कामकारबाहीबारे जानकारी लिन खर्च भएको बताए । उनले यसैबीचमा धेरै कामको थालनी भइसकेको र अब क्रमशः परिणाम आउने दाबी गरे । १०० दिने कार्यकाल पूरा भएसँगै अब सिंगो सरकारकै गति बढ्ने उनले बताए।

# मधेशको खस्कदो शिक्षाप्रति पूर्वराष्ट्रपति यादव चिन्तित

**टुडे समाचारदाता**

जनकपुरधाम । पूर्वराष्ट्रपति डा. रामवरण यादवले मधेशमा शिक्षाको स्तर खस्किएको भन्दै चिन्ता व्यक्त गरेका छन् ।



जनकपुरधाममा सोमबार पूर्वराष्ट्रपति यादवले अब सबै मिलेर यहाँको शिक्षालाई दरिलो बनाउनुपर्ने पनि उनको सुझाए ।

राजर्षि विश्वविद्यालयको सातौँ स्थापना दिवसका अवसमा सोमबार आयोजित कार्यक्रमको बोल्दै पूर्वराष्ट्रपति यादवले मधेशको शिक्षालाई उकास्नका लागि यस विश्वविद्यालयले प्रभावकारी भूमिका खेल्नु पर्ने औल्याए । पूर्वराष्ट्रपति यादवले भने, 'कस्तो विडम्बना छ ! हामी अझै २०२८ सालकै ऐनमाथि टेकेर शिक्षा क्षेत्रमा लागेका हौँ,' उनले अघि थप्दैं भने, 'देश र समाज बिगार्नु छ भने त्यहाँको शिक्षा खत्तम पार्नु भन्थ्यो । हो जस्तै लाग्छ ।'

त्यस्तै जनकपुरधामस्थित मुख्यालय रहेको राजर्षि जनक विश्वविद्यालयले कांग्रेस नेता विमलेन्द्र निधि, लोसपा अध्यक्ष महन्थ ठाकुर र कांग्रेसका प्रदेशसभा सांसद रामसरोज यादवलाई सम्मान गरेको छ । जनकपुरधाममा आयोजित कार्यक्रममा विश्वविद्यालय स्थापनामा योग्दान पुऱ्याएको भन्दै उनीहरूलाई सम्मान गरिएको छ ।

राजर्षि विश्वविद्यालयको सातौँ स्थापना दिवसमा आयोजित कार्यक्रममा पूर्वउपप्रधान तथा गृहमन्त्रीसमेत रहेका नेता निधि, ठाकुर र यादवलाई पूर्वराष्ट्रपति यादवले कदरपत्र र दोसल्ला ओढाएर सम्मान गरे । उनले भने, 'प्रतिनिधि सभामा राजर्षि विश्वविद्यालयको कानुन ल्याउन निधि र ठाकुरजीको ठूलो योग्दान छ, हामीले त पुस मात्र गरेको छ । सबै योग्दानको भागिदार उहाँहरू नै हो ।' उनले धेरै मिहिनेत र संघर्षपछि स्थापना भएको राजर्षि विश्वविद्यालयलाई आफ्नै भवन बनाउनका लागि सहयोग गर्न तयार रहेको बताए ।

लोसपा नेपालका अध्यक्ष महन्थ ठाकुरले राजर्षि विश्वविद्यालय स्थापनापछि यसले मिथिलाको संस्कृति, भाषा र पेन्टिङको संरक्षण गर्नुपर्ने बताए ।

राजर्षि जनक विश्वविद्यालय २०७४ कार्तिक १२ गते स्थापना गरिएको थियो । स्थापना दिवसमा पूर्वाञ्चल विश्वविद्यालयका उप-कुलपति बिजुकुमार थपलिया, त्रिभुवन विश्वविद्यालयका अवकाशप्राप्त प्रोफेसर विनयकुमार कुरियतले कि-नोट भाषण गरेका थिए ।

# इन्जिनियरिंग सर्वे समूहतर्फको परीक्षामा सबै अनुत्तीर्ण

**टुडे समाचारदाता**

जनकपुरधाम। मधेश प्रदेशको प्रदेश लोक सेवा आयोगले नापी अधिकृतका लागि लिएको लिखित परीक्षामा सबैजना अनुत्तीर्ण भएका छन् ।




२०७९ साल मंसिर २५ गते प्रदेश लोकसेवा आयोगले इन्जिनियरिंग सर्वे समूहतर्फ नापी अधिकृतका लागि लिएको लिखित परीक्षामा सो परीक्षामा सहभागी भएका परीक्षार्थीमध्ये कोही पनि अनुत्तीर्ण भएको एक सूचना प्रकाशित गरी जनाएको छ।

इन्जिनियरिंग सर्वे समूहका लागि प्रदेश लोक सेवा आयोगले दरखास्त आह्वान गरेकोमा १७ जनाले फर्म भरी परीक्षार्थी सहभागी भएका थिए । जसमध्ये ६ जना लिखित परिक्षामा सहभागी भएका मधेशको प्रदेश लोक सेवा आयोगका प्रवक्ता गंगेश गुञ्जन झाले बताए । आयोगले लिखित परीक्षाको नतिजा २०८१ कातिक ९ गते प्रकाशित गरेको थियो ।

सहभागी परिक्षार्थीहरुमध्ये कोही पनि लिखित परिक्षामा उतीर्ण हुन नसकेपछि आयोगले फेरि दरखास्त आह्वान गरिने भएको छ।

# स्रोत नखुलेको रकमसहित एकजना पक्राउ

**टुडे समाचारदाता**

रौतहट । रौतहटमा अवैध रकमसहित एकजना भारतीय युवालाई प्रहरीले पक्राउ गरेको छ।



रौतहट प्रहरीको गस्ती टोलीले स्रोत नखुलेको नेपाली ५ लाख रुपैयाँसहित १ जना युवा भारतीय नागरिकलाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा भारत बिहार मोतीहारी जिल्ला ढाका थाना क्षेत्र अन्तर्गत फूलवरीया गाउँका ४८ वर्षीय त्रिभुवन चौधरी रहेको रौतहट प्रहरीका प्रहरी नायब उपरीक्षक दीपककुमार रायले जानकारी दिए।

प्रवक्तासमेत रहेका प्रहरी नायब उपरीक्षक रायका अनुसार आइतबार साँझ सीमावर्ती भारतीय बजार बैरगनिया बाट मोटरसाइकलमा गौर आएका चौधरीलाई अस्थायी प्रहरी पोस्ट महादेव पट्टीको टोलीले चेकजाँच गर्दा उनले बोकेको नाइलनको झोलामा ५ सय थानको नेपाली ५ लाख रुपैयाँ बरामद भएको थियो।

बरामद गरिएको सो रुपैयाँ, मोटरसाइकलसहित भारतीय नागरिक चौधरीलाई पक्राउ गरी थप अनुसन्धान भइरहेको उनले बताए।

# दशकौँ देखि लालपूर्जाविहीन स्थानीयवासीले पाए लालपूर्जा

**टुडे समाचारदाता**

राजविराज । दशकौँदेखि बसोबास गर्दै आएको जग्गाको लालपूर्जा नहुँदा समस्यामा परेका ४० जनाले सोमबार जग्गाधनीको (जग्गाधनी दर्ता प्रमाणपत्र) लालपूर्जा प्राप्त गरेका छन् ।




राजविराज नगरपालिका-७ को कार्यालयको पहलमा नापी कार्यालय तथा ३ नम्बर नापी टोलीले सोमबार वडा कार्यालयमै एक कार्यक्रमको आयोजना गरी ४० जनालाई जग्गाधनी दर्ता प्रमाण पत्र प्रदान गरेका छन् ।

सो कार्यक्रममा वडा नं. ७ का वडाअध्यक्ष सुभाषचन्द्र यादव, ६ नं वडाका वडाअध्यक्ष शशी चौधरी, ८ नं. वडाका वडाअध्यक्ष जयनारायण मण्डल, ४ नं. वडाका वडाअध्यक्ष अनिल दास (गुड्डु), नापी कार्यालयका प्रमुख सुमनकिशोर मिश्र, ३ नं.नापी टोलीका प्रमुख सतिष कुमार यादवलगायतले जग्गाधनी दर्ता प्रमाण पत्र पुर्जा प्रदान गरेका थिए ।

सो वडामा अझै स्थानीयवासीहरुलाई पनि प्रक्रिया पूरा गरी क्रमिकरुपमा जग्गा धनी दर्ता प्रमाण पत्र पूर्जा प्रदान गरिने नापी कार्यालयका प्रमुख सुमनकिशोर मिश्रले बताए । गाउँ ब्लकको जग्गामा बावु बाजेको पालादेखी बसोसबा गर्दै आएका सो वडाका जनतालाई लालपूर्जा नहुँदा समस्या भएकाले लालपूर्जाका लागी पहल गरिएको र बाँकिलाई आवश्यक प्रक्रिया पुऱ्याएर लालपूर्जा दिलाउन आफु प्रयासरत रहेको बडाअध्यक्ष यादवले बताए ।

नगरपालिका क्षेत्रको विटौरी जग्गाधनीको समस्या पनि यसरी नै समाधान गरिनु पर्ने र यसका लागी समेत आफु लागी परेको उनको भनाइ छ ।

# हरिवन नगरपालिकालाई जग्गा हस्तान्तरण

**बखतियार अलि**

मलंगवा । राष्ट्रिय आवास कम्पनीले सर्लाहीको हरिवन नगरपालिकालाई जग्गा हस्तान्तरण गरेको छ। सोमबार एक कार्यक्रमका बीच १ विघा १५ कठ्ठा १५ दशमलव ६२ धुर क्षेत्रफलको सार्वजनिक जग्गा हरिवन नगरपालिकालाई हस्तान्तरण गरेको छ।



सो कम्पनीले सुखेपोखरी आवास तथा बजार क्षेत्र हरिवन नगरपालिका वडा न-१० को स्वीकृत गुरुयोजनामा छुट्याइएका सार्वजनिक प्लटहरु मध्ये वडा न-६ अन्तर्गतका ८ वटा कित्ता सार्वजनिक प्रयोजनका लागि मात्र प्रयोग र संरक्षण गर्ने गरि नगरपालिकालाई हस्तान्तरण गरेको छ । हस्तान्तरण गरिएको सो जग्गा पार्क, मन्दिर, सेवा केन्द्र, चौतारा, सार्वजनिक शौचालय,स्वस्थ्य केन्द्र, साझा संस्था लगायतको प्रयोजनका लागि मात्र प्रयोग गर्न सम्झौता गरी नगरपालिकालाई हस्तान्तरण आवास कम्पनीका सचिव अश्विनी खडकाले बताए।

प्रदेश सभा सदस्य जवाहर लाल कुशवाहाको प्रमुख आतिथ्यता, जिल्ला समन्वय समिति सर्लाहीका उपप्रमुख जितेन्द्र कुशवाहा, विभिन्न राजनीति दलका प्रतिनिधि, गैरसरकारी संघसंस्थाका प्रतिनिधि, स्थानीय सरोकारवाला लगायतका उपस्थितिमा राष्ट्रिय आवास कम्पनीका अध्यक्ष संदिप कुमार मिश्रले नगरप्रमुख रमेश बुढाथोकीलाई जग्गाको लालपुर्जा हस्तान्तरण गरेका थिए।

# सीसीटिभी फुटेजमा देखिएका चोर खोज्दै प्रहरी

**टुडे समाचारदाता**

राजविराज । सप्तरीको एक ज्वेलरी पसलमा चोरी गरिरहेको अवस्था सिसीटिभी फुटेजमा कैद भएपछि भिडियोमा देखिएका चोरको खोजतलासमा प्रहरी जुटेको छ।



आइतवार मध्यरातमा सप्तरीको अग्नीसाइर कृष्णसवरण गाउँपालिका- ६ स्थित महुली बजारमा रहेको आरोही ज्वेलर्समा भएको चोरी घटनामा संलग्न चोरको खोजीमा प्रहरी लागिपरेका छन् । प्रहरीका अनुसार सो ज्वेलरी पसलमा भएको चोरी घटना पसलको सिसीटिभीमा कैद भएको छ। राती १ बजेतर्फको समयमा पसलसंगै रहेको रुखमाथि चढेर टीनको छानो हटाएर चोर भित्र पसेको सिसीटिभी फुटेजमा देखिएको छ।

ज्वेलरी पसल संचालक दशरथ साहका अनुसार चोरले नगद ३० हजारसहित सुन चाँदीका गरगहना गरी ७ लाख बराबरको सम्पति चोरेर लगेका छन् । सिसीटिभी फुटेजमा देखिएको चोरको हुलिया विवरणका आधारमा खोजी कार्य तीब्र बनाइएको सप्तरी प्रहरीले जनाएको छ।

## रकमसहित चोर पक्राउ

त्यस्तै अर्को एक घटनामा दिउँसै चोरी गरी फरार रहेका चोर रकमसहित पक्राउ परेका छन्।

पक्राउ पर्नेमा सप्तरीको छिन्नमस्ता गाउँपालिका- ४ का २३ वर्षीय देवेन्द्र मुखिया छन् । दुई दिन अघि छिमेकी भोगेन्द्र साफीको घरमा दिउँसो १२ बजेतर्फ बाकस फुटाएर १ लाख ३० हजार नगद चोरेर फरार भएका मुखिया गाउँमै लुकि बसेको अवस्थामा पक्राउ परेको सप्तरी प्रहरीले जनाएको छ।

घरधनी जोगेन्द्र कामविषेशले बाहिर गएको तथा उनका श्रीमती सुनिता घर आँगनमा काम गरिरहेको बेला पछिल्लो द्वारबाट घर भित्र प्रवेश गरेका मुखियाले बाकस फोडेर उक्त रकम चोरेर लगेको प्रहरीको भनाइ छ । उनको साथबाट चोरी गरिएका रकम मध्ये ९९ हजार ८ सय ५५ रुपैया बरामद गरिएको तथा चोरी मुद्दामा सप्तरी जिल्ला अदालतबाट ६ दिनको म्याद लिइ थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

ग्याँसको चुहावटले हुने दुर्घटना बाट बचौं

खाना पकाउने ग्याँसको चुहावटले हुने दुर्घटना बाट बचौं

- सिलिण्डर ल्याउदा लैजादा नगुडाऔं,
- भान्सामा सिलिण्डर प्रयोग गर्दा ठाडो पारेर मात्र प्रयोग गरौं,
- गुणस्तरयुक्त रेगुलेटर, पाईप र चुलो प्रयोग गरौं,
- समय-समयमा ग्याँसको पाइप, रेगुलेटर र चुलो फेरौं
- ग्याँससिलिण्डरकोप्रयोगअवधीहेरेरमात्रखरिदगरौं,
- काम सकेपछि सधैं रेगुलेटर बन्द गरौं,
- भान्साकोठाको झ्याल ढोका सधैं खुला राखौं,
- सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

अत्यन्त जरूरी सूचना

नेपाल सरकारले ननग्रेडड तथा SEE फेल को लागि उच्च शिक्षामा अध्ययन गर्न बाटो खोल्यो, ८० प्रतिशत प्राक्टिकल शिक्षामा अधारित पाठ्यक्रम भएको CTEVT बाट स्वीकृत तपसिलको कोर्षहरुमा भर्ना खुल्यो ।

१. प्रि- डिप्लोमा इन कम्पुटर इन्जिनियरिंग
२. प्रि- डिप्लोमा इन इलेक्ट्रिकल इन्जिनियरिंग
३. सर्भे इन्जिनियरिंग (अमिन नापी) तालिममा भर्ना खुल्यो

यस कोर्षहरुमा १ वर्षको अध्ययन अध्यापन र ६ महिनाको OJT हुने छ।

४. डिप्लोमा इन इलेक्ट्रिकल इन्जिनियरिंग - ३ बर्षे कार्यक्रममा केही सीट रिक्त रहेकोले इच्छुक विद्यार्थीहरु समयमै सम्पर्क गर्नुहोला ।

सम्पर्क स्थान
नेपाल टेक्निकल इन्स्टिच्युट, जनकपुरधाम
सम्पर्क नं. ०४१-५२७३३६, ९८०११२४३३६, ९८०१०४८६१७, ९८५४०२४६०३

भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!

पुर्बान्चल विश्वविद्यालयबाट सम्बन्धन प्राप्त सबै भन्दा पुरानो, उच्चतम परीक्षाफल, नेपाल इन्जिनियरिंग परीषद बाट मान्यता प्राप्त मधेश प्रदेशको इन्जिनियरिंग कलेजको १६ औं ब्याचमा भर्नाको लागि समयमै सम्पर्क गर्नुहोला ।

BE CIVIL 4 Years
BBA 4 Years
MBA 2 Years

फाराम भर्ने अन्तिम मिति २०८१/७/२२ गते सम्म

सम्पर्क स्थान
सेन्ट्रल इन्जिनियरिंग/म्यानेजमेन्ट कलेज, जनकपुरधाम
सम्पर्क नं. ०४१-५२७३३६, ९८५४०२१८९७, ९८०१०४८६१७, ९८५४०२४६०३

**जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.**द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८